व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिले विभिन्न मितिमा गरेका महत्वपूर्ण निर्णय र निर्देशनहरूको विवरण

सार्वजनिक लेखा समितिको मिति २०६७।०२।११ को बैठकले गरेका निर्णयहरु

१. मध्यमस्याङ्दी अध्ययन उप-समितिद्वारा प्रस्तुत प्रतिवेदनलाई सामान्य संशोधन सहित पारित गरियो ।

२. शुरुदेखि आजसम्म सार्वजनिक लेखा समितिले गरेका सबै निर्णयहरु र प्रतिवेदनहरु व्यवस्थापिका-संसदमा पेश गर्ने निर्णय सर्वसम्मतले गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०२।२१ को बैठकले गरेका निर्णयहरु

१. महालेखा परीक्षकको कार्यालयका कर्मचारीहरुको २५% भत्ता वृद्धि लगायत समितिले यस अगाडि दिएका सबै निर्णय/निर्देशनहरु तत्काल कार्यान्वयन गरी/गराई सोको जानकारी नेपाल सरकार, (मन्त्रीपरिषद), अर्थ मन्त्रालय, र महालेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

महालेखा परीक्षकको कार्यालयलाई प्रस्ताव गरिए बमोजिम प्रतिवेदनको ढाँचामा परिवर्तन गरी जेष्ठमै प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियाका सम्बन्धमा आवश्यक निर्णय गर्न सार्वजनिक लेखा समितिले निर्देशन दिए बमोजिम अर्थ मन्त्रालयले मिति २०६७।०२।१० मा देहाय बमोजिमको निर्णय गरेको जानकारी प्राप्त भएकोले यसको लागि अर्थ मन्त्रालयलाई समितिको तर्फबाट धन्यबाद दिने निर्णय गरियो । अर्थ मन्त्रालयको यो निर्णय कार्यान्वयन गर्न/गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल वायुसेवा निगमलाई पुनः निर्देशन दिने निर्णय गरियो । साथै यसको जानकारी अख्तियार दुरुपयोग अनुशन्धान आयोग र महालेखा परीक्षकको कार्यालयलाई पनि दिने निर्णय गरियो ।

३. अर्थ मन्त्रालयले गरेको निर्णयको व्यहोराः-

क) जहाज खरिदको मूल्यांकन र छनौट प्रक्रियामा कानून सम्मत नभएको देखिएको र सार्वजनिक लेखा समितिको निष्कर्ष पनि यस्तै रहेकोले वर्तमान खरिद प्रक्रिया रद्द गर्ने ।

ख) Financial Closure नै नगरी Lock Up Money पठाएकोले सो फिर्ता लिने र त्यसरी Lock Up Money पठाउने सम्बन्धित अधिकारीलाई कारवाही गर्ने । Lock up Money फिर्ता प्राप्त हुन नसेकोमा सम्बन्धित अधिकारीबाट प्रचलित कानून बमोजिम ब्याज सहित असूल गर्ने ।

ग) निगमको व्यवस्थापकीय सुधार गरी उपयुक्त कार्ययोजना सहित CAPA को सुझावलाई समेत ध्यान दिई नाफा हुन सक्ने रुटमा संचालन गर्न सकिने किसिमको जहाज खरिदको प्रक्रिया पुनः प्रारम्भ गर्ने ।

घ) जहाज छनौटको लागि बोलपत्र स्वीकृत गर्नु अघि वित्तीय प्रबन्ध (Financial Closure) र नेपाल सरकारको जमानतको निर्णय गराई सक्नुपर्ने ।

ङ) जहाज खरिदका सम्बन्धमा व्यवस्थापिका-संसदका समितिहरुले दिएको निर्देशनको पूर्ण परिपालना गर्ने ।

४. नेशनल ट्रेडिङ्ग लि.ले सिंहदरबार नजिक रहेको जग्गा भाडामा दिन लागेको भन्ने सम्बन्धमा जानकारी दिन बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र सो संस्थाका महाप्रबन्धकलाई मिति २०६७।०२।२३ गते विहान ८:३० बजेको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

५. उच्च माध्यमिक शिक्षा परिषदले ११ र १२ कक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका छपाई एवं वितरण गरेको विषयमा जानकारी दिन शिक्षा मन्त्रालयका सचिव र सो संस्थाका सदस्य सचिवलाई मिति २०६७।०२।२७ गते विहान ८:३० बजेको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०२।२३ को बैठकले गरेका निर्णयहरु

१. नेशनल ट्रेडिङ्ग लि.को जग्गा भाडामा दिने सम्बन्धमा प्राप्त विवरण सबै माननीय सदस्यहरुलाई उपलब्ध गराएपछि यस सम्बन्धमा पछि छलफल गर्ने । यस सम्बन्धमा अर्को निर्णय नभएसम्म अगाडि नबढाउन सो मन्त्रालय र लिमिटेडलाई निर्देशन दिने निर्णय गरियो ।

२. राहत/पि.सि.एफ. कोटा वितरण अध्ययन उप-समिति लगायत सबै उप-समितिहरुलाई चाँडै अध्ययन कार्य टुङ्गयाउन निर्देशन दिने निर्णय गरियो ।

३. मिति २०६७।०२।२८ विहान ८:३० बजे बेरुजु फछ्र्यौट समितिका पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

४. पर्यटन तथा नागरिक उड्डयन मन्तालयबाट त्रिभुवन विभानस्थलको भवनको स्पेस भाडामा दिने सम्बन्धमा भएको काम कारवाही सम्बन्धी विवरण मिति २०६७।०२।२५ भित्र माग गर्ने निर्णय गरियो । नेपाल दूरसंचार प्राधिकरणबाट प्राइभेट सर्भिस प्रोभाइडरर्सलाई सेवा उपलब्ध गराउने सम्बन्धमा दिइएको स्वीकृति प्रक्रिया र प्राप्त हुने राजस्वको स्थितिका बारेमा समितिलाई जानकारी दिन मिति २०६७।०३।०१ गते विहान ८:३० बजे माननीय सूचना तथा संचार मन्त्री, प्राधिकरणका कार्यकारी प्रबन्धकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०२।२७ को बैठकले गरेका निर्णयहरु

१. उच्च माध्यमिक शिक्षा परिषदको ११ र १२ कक्षाको उत्तरपुस्तिका छपाई र भुक्तानीमा अनियमितता भएको भन्ने सम्बन्धमा १० दिनभित्र छानविन गरी प्रतिवेदन समितिमा दिन शिक्षा मन्त्रालयलाई निर्देशन दिने र समितिमा सो प्रतिवेदन प्राप्त भएपछि छलफल गर्ने निर्णय गरियो ।

२. बोलपत्र स्वीकृति सम्बन्धमा असहमति जनाउने २ जना कर्मचारीहरु श्री कामेश्वर मण्डल र श्री पदमराज पाठकलाई मिति २०६७।०२।२८ गते विहान ९:३० बजेको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

३. ऊर्जा मन्त्रालयबाट वितरित सर्भे लाईसेन्स्को विवरण र वन कटानी सम्बन्धमा भएको विवरण वन तथा भू-संरक्षण मन्त्रालयबाट १० दिनभित्र माग गर्ने र भू.पु. सैनिक संघको सात रोपनी जग्गा लिजमा दिन लागेको सम्बन्धमा रक्षा मन्त्रालयबाट तीन दिनभित्र विवरण माग गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०२।२८ को बैठकले गरेका निर्णयहरु

१. बेरुजु फछ्र्यौट समितिको काम कारवाहीको सम्बन्धमा छलफल गर्दा मिन्हा भएको र सामान्य प्रक्रियाबाट फछ्र्यौट भएको विवरण अर्को महिनामा सार्वजनिक लेखा समितिमा दिन र प्रत्येक महिनामा समितिको कार्यको प्रगति विवरण उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०१ को बैठकले गरेका निर्णयहरु

१. सूचना तथा संचार मन्त्रालय र नेपाल दूरसंचार प्राधिकरणबाट सात दिनभित्र निम्न विवरण तथा कागजातहरु उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

क) कुन-कुन क्षेत्रमा सेवा प्रदान गर्न के-कति कम्पनीलाई इजाजत दिइयो ? र इजाजत दिने प्रक्रिया र आधार के-के थिए सोको विवरण ।

ख) बुझाउन कबोल गरिएको रोयल्टी रकम, बुझाएको रोयल्टी विवरण, रोयल्टी छुट दिएको भए सोको विवरण । सम्मानीत अदालतबाट भएका यस सम्बन्धी निर्णयहरु ।

ग) सेवा प्रदायकले इजाजत अनुसार काम गरे/नगरेको राय सहितको विवरण ।

घ) नविकरण दस्तुर (कम्पनीगत रुपमा) ।

ङ) संचार सम्बन्धी नीति र कार्यान्वयन वीच गर्नुपर्ने सुधारका सम्बन्धमा मन्त्रालय र प्राधिकरणको राय एवं सुझावहरु ।

२. जनक शिक्षा सामाग्री केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकहरु विक्री नभएको अवस्था एकातिर छ भने अर्कोतिर निजी क्षेत्रका प्रकाशकहरुद्वारा जनक शिक्षा सामाग्री केन्द्रको प्रकाशन देखाई अनियमित रुपले विक्री/वितरण भएको विषयमा जाँच गर्न मा. रविन्द्रप्रसाद अधिकारीले प्रस्ताव गर्दा सो सम्बन्धमा अध्ययन गर्न गठित उप-समितिले जाँच गरी प्रतिवेदन दिने गरी जिम्मा दिने निर्णय गरियो ।

३. विनियोजित बजेटका शीर्षक उप-शीर्षकहरुमा तोकिएका कार्यमा बजेट निकासी नगरी रकमान्तर/श्रोतान्तर गरी रकम पठाइएको छ भन्ने सम्बन्धमा मा. केशवप्रसाद नेपालले समितिको ध्यानाकर्षण गराउनु भएको विषयमा छलफल गर्दा यस सम्बन्धमा भएका काम कारवाहीहरुको बारेमा जानकारी दिन मा. अर्थ मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालय र शान्ति तथा पुनः निर्माण मन्त्रालयका सचिवहरुलाई मिति २०६७।०३।०२ गते दिनको १ बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०२ को बैठकले गरेका निर्णयहरु

१. उच्च माध्यमिक शिक्षा परिषदबाट देशका ७८७ केन्द्रमा पठाएका र त्यहाँ पुगेका उत्तरपुस्तिकाको विवरण सात दिनभित्र उपलब्ध गराउन र १०० प्रति उत्तरपुस्तिका पनि सोही अवधिभित्र उपलब्ध शिक्षा मन्त्रालय र सो परिषदलाई निर्देशन दिने निर्णय गरियो । साथै संझौता र भुक्तानीको विवरण पनि उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०३ को बैठकले गरेका निर्णयहरु

१. समितिको मिति २०६७।०३।०६ गते दिनको १२ बजे बस्ने बैठकमा भौत्तिक योजना तथा निर्माण मन्त्रालयको आवास र खानेपानी तर्फको यस आ.व.को वार्षिक कार्यक्रम, बजेट, खर्च, रकमान्तर र श्रोतान्तर स्थिति बारे जानकारी दिन मा. उप-प्रधानमन्त्री तथा भौत्तिक योजना तथा निर्माण मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री एवं सो मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२. रकमान्तर र श्रोतान्तर गरी अत्यावश्यक कार्यक्रममा बजेट खर्च गर्नु/गराउनु कार्यकारिणीको नियमति प्रक्रियाको कार्य भए पनि आर्थिक वर्षको अन्तमा ठूलो रकम श्रोतान्तर र रकमान्तर गरी खर्च गर्दा रकम सदुपयोग हुने संभावना कम हुन्छ । यस तर्फ सार्वजनिक लेखा समितिको ध्यानाकर्षण भई आज गंभीर रुपमा सबै पक्षसँग छलफल गरिएको छ । अत्यावश्यक र औचित्य प्रमाणित हुने बाहेकका कार्यक्रममा आषाढमा श्रोतान्तर/रकमान्तर गरी बजेट निकासा तथा खर्च नगर्न/नगराउन (समितिबाट अर्को निर्णय नहुँदासम्म) नेपाल सरकार मन्त्रीपरिषद, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०६ को बैठकले गरेका निर्णयहरु

१. आजको बैठकमा मा. भौत्तिक योजना तथा निर्माण मन्त्री अनुपस्थित रहनु भएकोले छलफल अगाडि नबढाई पुनः मिति २०६७।०३।०८ गते विहन ८:३० बजे आमन्त्रण गर्ने निर्णय गरियो ।

२. जनकपुर-जयनगर रेल्वे सम्बन्धमा समितिले दिएको निर्देशनहरुको कार्यान्वयन स्थिति बारे जानकारी दिन मा. श्रम तथा यातायात व्यवस्था मन्त्री र सो मन्त्रालयका सचिवलाई मिति २०६७।०३।०९ गते दिनको १:०० बजे बस्ने बैठकमा उपस्थितिको लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

३. सरकारी खर्च पुनरावलोकन आयोगको काम कारवाहीका सम्बन्धमा सो आयोगका पदाधिकारीहरुलाई मिति २०६७।०३।१० गते विहान ८:३० बजे आमन्त्रण गर्ने र सो दिनको बैठकमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६७ का बारेमा जानकारी दिन कार्यबाहक महापरीक्षकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

४. भोटेकोशी र तामाकोशीको संभौताको कारणबाट नेपाल विद्युत प्राधिकरणलाई ठूलो आर्थिक नोक्सानी भएको भन्ने सम्बन्धमा र पश्चिम सेतीको Financial Closure, संभौता र अद्यावधिक स्थितिका बारेमा जानकारी दिन मिति २०६७।०३।१३ गते विहान ८:३० बजे बस्ने बैठकमा ऊर्जा मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

५. धनुषा जिल्लाको हुलाकी सडकको बजेट, अद्यावधिक निर्माण स्थिति, पुलहरुको बजेट विभाजन र जनता आवास कार्यक्रम भौत्तिक योजना तथा निर्माण मन्त्रालयबाट र रानीमरा सिंचाई योजनाको संभौताको स्थिति सम्बन्धी विवरण सिंचाई मन्त्रालयबाट र रक्षा मन्त्रालयद्वारा जहाजको लागि चीनमा पठाइएको रु.३८ करोडको पेश्की बारेको विवरण रक्षा मन्त्रालयबाट मगाउने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०८ को बैठकले गरेका निर्णयहरु

१. भौत्तिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत सडक, पूल, भवन, खानेपानी लगायत सबै कार्यक्रमको विनियोजित बजेट रकमान्तर/श्रोतान्तरको विवरण र खर्चको विवरण, भौत्तिक प्रगति मिति २०६७ जेष्ठ मसान्तसम्मको सात दिनभित्र माग गर्ने । साथै रकमान्तर/श्रोतान्तर गरेर घटाएको र थपेको योजना वा कार्यक्रमको विवरण र थपघट गर्नुको कारण र आधार पनि सो मन्त्रालयबाट माग गर्ने निर्णय गरियो । सो विवरण प्राप्त भएपछि छलफल गरी निर्णय गर्ने निर्णय गरियो ।

२. सिरहा जिल्ला अन्तर्गत खैरखोला, गरवाहा गाहरिया चोकसम्मको काम कारवाहीको विवरण र भुक्तानी विवरण सम्बन्धमा अनियमितता भएको भन्ने सम्बन्धमा छलफल हुँदा त्यस सम्बन्धमा १५ दिनभित्र छानविन गरी राय सहितको प्रतिवेदन समितिमा उपलब्ध गराउन भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. खप्तड क्षेत्र पर्यटन विकास समितिको काम कारवाहीमा अनियमितता भएको भन्ने सम्बन्धमा के भएको हो ? छानविन गरी मन्त्रालयको राय सहितको प्रतिवेदन पठाउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेख्ने निर्णय गरियो ।

४. उच्च माध्यमिक शिक्षा परिषदको छानविन सम्बन्धमा म्याद थपको माग स्वीकृत गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।०९ को बैठकले गरेका निर्णयहरु

१. समितिले सम्बन्धमा जयनगर-जनकपुर रेल्वेको सुधार र विस्तारको लागि मिति २०६६।०५।१७ मा दिएका निर्देशनहरु कार्यान्वयन गरी/गराई समितिलाई महिना-महिनामा प्रगति विवरण उपलब्ध गराउन सो मन्त्रालय र अरु सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. स्मार्ट कार्ड र इम्बोस नम्बर प्लेटको हकमा यसलाई व्यवस्थित, गुणस्तरीय प्रतिस्पर्धात्मक र पारदर्शी बनाई गर्ने/गराउने र हालसम्म यस सम्बन्धमा गरेको काम कारवाहीहरुको विवरण सात दिनभित्र समितिलाई जानकारी दिन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. समितिको सो निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पनि दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।१० को बैठकले गरेका निर्णयहरु

१. सरकारी बजेट र सार्वजनिक खर्च व्यवस्थापन समितिले देखाएका समस्या र दिएको सुझावहरु कार्यान्वयनका बारेमा मा. अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु, सो आयोगका सचिव र खर्च पुनरावलोकन आयोगका पदाधिकारीहरुलाई आमन्त्रण गरी मिति २०६७।०३।१५ गते विहान ८:३० बजे बस्ने बैठकमा छलफल गर्ने निर्णय गरियो । आन्तरिक प्रतिवेदन छोटो समयमै तयार गरेकोमा सो आयोगका अध्यक्ष लगायत सबै पदाधिकारीहरुलाई धन्यबाद दिइयो ।

२. समितिको आजको बैठकमा कार्यवाहक महालेखा परीक्षक श्री बद्रीबहादुर कार्कीले आफ्नो वार्षिक प्रतिवेदन, २०६७ को बारेमा संक्षिप्त जानकारी गराउनु भयो । समयमै प्रतिवेदन बुझाएकोमा कार्यवाहक महालेखा परीक्षक लगायत उहाँका कर्मचारीहरुलाई धन्यबाद दिने निर्णय गरियो ।

३. समितिमा नयाँ आउनुभएका मा. श्री कृष्णबहादुर महरा, मा. श्री कृष्णबहादुर गुरुङ्ग र मा. श्री रघुविर महासेठलाई क्रमशः गृह, बाणिज्य, भूमिसुधार उपसमितिमा, भौत्तिक योजना तथा निर्माण र सामान्य प्रशासन उप-समितिमा र रक्षा, कृषि र महिला, बालबालिका तथा समाज कल्याण बेरुजु उप-समितिमा राख्ने निर्णय गरियो ।

४. करोडौंको कान्तिपुरको न्युजप्रिन्ट सम्बन्धी कागत भारतबाट छुटाउने सम्बन्धमा नेपाल सरकारले हालसम्म गरेको प्रयासका बारेमा जानकारी दिन मा. परराष्ट्र मन्त्री, मा. बाणिज्य तथा आपूति मन्त्री र दुबै मन्त्रालयका सचिवहरुलाई समितिको मिति २०६७।०३।११ गते विहान ८:३० बजे बस्ने बैठकमा उपस्थितिको लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।११ को बैठकले गरेका निर्णयहरु

१. कान्तिपुर पब्लिकेशनको करोडौं मूल्यको न्यूजप्रिन्ट रोकिएको कारण पत्ता लगाई सो सामान छिटो भन्दा छिटो छुटाउन आवश्यक कार्य गर्न/गराउन र भविष्यमा यस किसिमका समस्याहरु आउन नदिने गरी सचेत भएर कार्य गर्न/गराउन बाणिज्य र आपूर्ति मन्त्रालयलाई निर्देशन दिने र सोको जानकारी समितिलाई दिन पनि निर्णय गरियो ।

२. विराटनगर भन्सार नाकामा गैरकानूनी रुपमा रसिद काटी भन्सार महसूल असूल गर्ने गरेको भन्ने सम्बन्धमा छलफल हुँदा यस सम्बन्धमा के भएको हो ? यथार्थ विवरण ३ दिनभित्र समितिलाई जानकारी दिन अर्थ मन्त्रालयलाई पत्र लेख्ने निर्णय गरियो ।

३. राष्ट्रिय भूतपूर्व सैनिक संघलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गा सो संघले अन्य व्यक्ति/संस्थालाई भाडामा दिएको भन्ने सम्बन्धमा समितिलाई जानकारी दिन रक्षा मन्त्रालयका सचिवलाई र सो संघका प्रमुखलाई मिति २०६७।०३ १४ गते विहान ८:३० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो । सो दिनको बैठकमा दुर्गम जिल्ला लगायतको बजेट निकासा रोक्का भएको भन्ने सम्बन्धमा समितिलाई जानकारी दिन मा. स्थानीय विकास मन्त्री र सो मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।१३ को बैठकले गरेका निर्णयहरु

१. भोटेकोशी र खिम्ती विद्युत खरिद/विक्री सम्बन्धमा विगतमा गरिएको संझौताको कारण नेपाल विद्युत प्राधिकरणलाई ठूलो नोक्सानी हने गरेको भन्ने सम्बन्धमा छलफल गर्दा त्यसरी हुने नोक्सानीलाई न्यून गर्न नेपालको जलश्रोत विकासको सम्बन्धमा निम्न विषयहरुमा लिखित धारणा सहित मिति २०६७।०३।२० गते विहान ८:३० बजे श्री सोमनाथ पौडेल, श्री विकास थापा र श्री रत्नसंसार श्रेष्ठलाई र मिति २०६७।०३।२१ गते विहान ८:३० बजे श्री भोलानाथ चालिसे, श्री दिपक ज्ञवाली र श्री सन्तबहादुर पुनलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

विषयहरु

- भोटेकोशी र खिम्तीको विद्युत खरिद/विक्री गर्दा हुने नोक्सानीलाई न्यून गर्ने सम्भावना र उपायहरुको सम्बन्धमा ।
- जलश्रोत विकास सम्बन्धी अहिलेसम्मको नीति, कार्यक्रम, स्थिति र समीक्षा ।
- भविष्यमा जनताको तहमा मितव्ययी रुपमा जलश्रोत विकासलाई अगाडि बढाउने सम्बन्धमा ।
- विद्युतको लगानी व्यवस्थित गर्ने तथा आन्तरिक खपत र निर्यातलाई प्राथमिकीकरण गर्ने सम्बन्धमा ।
- भविष्यमा नेपाल विद्युत प्राधिकरणलाई चुस्त, दुरुस्त, मितव्ययी, सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।१४ बैठकले गरेका निर्णयहरु

१. विगत तीन वर्षदेखि खासगरी संविधानसभाको निर्वाचनपछि गएका नन्बजेटरी कार्यक्रममा (बजेटमा समावेश नगरी गरिएका निकासा र खर्चको) भएका निकासा र खर्चहरुको अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयबाट सात दिनभित्र विवरण माग गरी छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।१५ को बैठकले गरेका निर्णयहरु

१. यस अगाडि गठन गरिएका सार्वजनिक खर्च सम्बन्धमा अध्ययन गर्न गठित आयोग/समितिको सुझावहरु र ती सुझावहरुको कार्यान्वयन स्थिति सम्बन्धी विवरण अर्थ मन्त्रालय र आयोगबाट सात दिनभित्र विवरण माग गर्ने र सो विवरण प्राप्त भएपछि छलफल गर्ने निर्णय गरियो ।

२. आजको बैठकमा उच्च माध्यमिक शिक्षा परिषदको ११ र १२ कक्षाको उत्तरपुस्तिका छपाई र वितरण सम्बन्धी शिक्षा मन्त्रालयद्वारा गठित छानविन समितिको प्रतिवेदन पेश भयो । सो प्रतिवेदनको फोटोकफि गरी सबै माननीय सदस्यहरुलाई वितरण गर्ने र सम्बन्धमा पछि छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२० को बैठकले गरेका निर्णयहरु

१. भोटेकोशी खिम्तीको विद्युत खरिद संझौताको असर र प्रभाव लगायतका विषयमा समितिमा छलफल गर्न आज आमन्त्रित गरिनु भएका विज्ञहरु आजको सट्टा भोलिको बैठकमा आउने कुरा जानकारी गराइयो । यसपछि निम्न विविध विषयमा छलफल गरियो ।

क) नेपाल आयल निगमको आपूर्ति स्थिति ।

ख) नेपाल वायुसेवा निगमको जहाज खरिद सम्बन्धमा समिति दिएको निर्देशनको कार्यान्वयन स्थिति सम्बन्धमा ।

ग) झापामा गएको गत सालको बाढीबाट परेको असर र प्रभावका बारेमा ।

घ) पि.सि.एफ. कोटाको नयाँ नीति २०६६ का सम्बन्धमा ।

२. जिल्ला विकास समितिको विगत ३ वर्षको काम कारवाही र खर्चको बारेमा समितिबाट यस अगाडि अध्ययन गर्न गठन गठित उप-समितिहरुलाई जनता आवास कार्यक्रमको प्रगति र खर्च

एवं गैर बजेट खर्चको विगत ३ वर्षको खर्च र कार्यक्रमको पनि जाँच गरी प्रतिवेदन दिने जिम्मेवारी दिने निर्णय गरियो । सिहरा, सप्तरी र कपिलवस्तुको जनता आवासको काम कारवाही हेर्न जाने टोली सबैमा मा. शान्तिदेवी चमारलाई पठाउने निर्णय गरियो । साथै पूर्व निर्णय अनुसार गठित उप-समितिहरुलाई छिटो भन्दा छिटो स्थलगत अध्ययन गर्न निर्देशन दिने निर्णय गरियो ।

३. राष्ट्रिय भूतपूर्व सैनिक संघको जग्गा भाडामा दिएको र सेनाको लागि जहाज खरिद गर्न पेश्की दिएको भन्ने सम्बन्धमा समितिलाई जानकारी दिन रक्षा मन्त्रालयका सचिवलाई मिति २०६७।०३।२२ गते विहान ८:३० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. गत वर्ष झापा र इलाममा गएको बाढीपछि त्यस क्षेत्रमा गरिएका राहत र पनु: निर्माणका कामहरुको कार्यहरु र खर्चको बारेमा समितिलाई जानकारी दिन गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालय र सिंचाई मन्त्रालयका सचिवहरुलाई आमन्त्रण मिति २०६७।०३।२३ गते विहान ८:३० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२१ को बैठकले गरेका निर्णयहरु

१. भोटेकोशी र खिम्तीको संझौता र प्रभाव एवं भावि जलविद्युतको बारेमा छलफल गर्दा यस सम्बन्धमा ऊर्जा मन्त्रालय, सिंचाई मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई पछि आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२२ को बैठकले गरेका निर्णयहरु

१. रक्षा मन्त्रालयको जहाज खरिद प्रक्रियाका सम्बन्धमा तत्काल आवश्यक निर्णय गरी समितिलाई जानकारी दिन प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

राष्ट्रिय भूतपूर्व सैनिक संघलाई सरकारले जग्गा भोगाधिकारको लागि उपलब्ध गराएको निर्णय र सो काजगत तथा सो संघले राजिनामा गरी लिएको जग्गाको राजिनामा कागज सात दिनभित्र उपलब्ध गराउन रक्षा मन्त्रालयलाई पत्र लेख्ने र सो कागज प्राप्त भएपछि छलफल गर्ने निर्णय गरियो ।

२. भोटेकोशी र खिम्तीमा विगतमा गरिएको संझौताबाट नेपाल विद्युत प्राधिकरणलाई पर्न गएको असर र प्रभावका साथै समग्र जलश्रोतको प्रभावकारी विकासका बारेमा छलफल गर्न मिति २०६७।०३।२७ गते विहान ८:३० बजेको बैठकमा ऊर्जा, सिंचाई मन्त्रालयका सचिव, जल तथा ऊर्जा आयोगका सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२३ को बैठकले गरेका निर्णयहरु

१. दैवी प्रकोप उद्धार समिति र प्रधानमन्त्री राहत कोषको कार्य प्रणाली र निर्देशिका गृह मन्त्रालयबाट सात दिनभित्र माग गर्ने निर्णय गरियो ।

२. गत वर्ष इलाम र झापामा बाढी गएपछि विषयगत मन्त्रालयहरुले २०६६ भाद्रदेखि २०६७ आषाढ मसान्तसम्म गरेको उद्धार एवं मर्मत तथा पुनर्स्थापना कार्यको कार्यक्रम गत विवरण (भ्रमण र

निरीक्षण खर्च समेत अलग विवरण) सिंचाई मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयसँग सात दिनभित्र विवरण लिने निर्णय गरियो ।

३. गत वर्ष झापा र इलाममा गएको बाढीबाट भएको क्षतिको पुनर्स्थापना, मर्मत तथा राहत दिने कार्यलाई एकिकृत, व्यवस्थित, छिटोछरितो र प्रभावकारी रुपमा गर्न/गराउन र त्यसको लागि उचित रुपमा आवश्यक श्रोतको व्यवस्थापन गरी सो कार्य गर्न/गराउन नेपाल सरकार (म.प.) लाई निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२७ को बैठकले गरेका निर्णयहरु

१. भोटेकोशी र खिम्तीमा विगतमा गरिएको संझौता अनुसार आर्थिक वर्षगत रुपमा नेपाल विद्युत प्राधिकरणले विद्युत (अतिरिक्त विद्युत समेत) खरिद वापत तिर्नुपर्ने र तिरेको रकमको विवरण, संझौतानुसारको अवधिसम्म तिर्नुपर्ने रकमको विवरण सात दिनभित्र विवरण उपलब्ध गराउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने निर्णय गरियो । यस सम्बन्धी बाँकी विषयमा पछि छलफल गर्ने निर्णय गरियो ।

२. एम.आर.पि. (पासपोर्ट) छपाईको हासम्मको काम कारवाही सम्बन्धमा समितिलाई जानकारी दिन परराष्ट्र मन्त्रालयका सचिव, शिष्टाचार महापाल र अन्य सम्बद्ध अधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो । साथै यस सम्बन्धी विवरण पनि सोही बैठकमा आउँदा ल्याउन सो मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।२९ को बैठकले गरेका निर्णयहरु

१. एम.आर.पि. सम्बन्धी बोलपत्रको सूचना र शर्तहरु, स्पेसिफिकेशन, पर्न आएका बोलपत्रदाताहरुको प्रस्ताव, दर र अनुभवको विवरण, बोलपत्र मूल्यांकन समितिको गठन र निर्णय तथा स्वीकृत बोलपत्रदाताको अनुभव र क्षमताका सम्बन्धमा अन्य बोलपत्रदाताहरुले उठाएका विषयहरु उपर मन्त्रालयको लिखित धारणा सहितको निर्णय एवं प्रमाणित कागजातहरु पाँच दिनभित्र उपलब्ध गराउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. मिति २०६७।०३।३० गते विहान ८:३० बजे बस्ने समितिको बैठकमा नेशनल ट्रेडिङ्ग लि.को व्यापारिक भवन भाडामा दिने सम्बन्धी विषयमा छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०३।३० को बैठकले गरेका निर्णयहरु

१. नेशनल ट्रेडिङ्गको जग्गा भाडामा दिने सम्बन्धमा छलफल गर्न बाणिज्य तथा आपूर्ति मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, वातावरण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिवहरुलाई मिति २०६७।०४।०२ गते विहान ८:३० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

२. राहत/पि.सि.एफ. कोटा वितरण सम्बन्धमा अध्ययन गर्न गठित उप-समितिले आज दोश्रो अन्तरिम प्रतिवेदन पेश गऱ्यो । सो प्रतिवेदनमा उल्लेखित महोत्तरी जिल्लाका तत्कालिन् जि.शि.अ. श्री उपेन्द्र मण्डललाई सचेत गराई जिम्मेवारी दिन शिक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. उच्च माध्यमिक परिषदको कक्षा ११ र १२ को उत्तरपुस्तिका छपाईमा अनियमितता भएको सम्बन्धमा र नेपाल वायुसेवा निगमको जहाज खरिद सम्बन्धी निर्णयका बारेमा गम्भीरतापूर्वक छलफल गर्ने निर्णय गरियो ।

४. हालसम्म समितिले माग गरेका, प्राप्त भएका र प्राप्त हुन बाँकी कागजात तथा विवरणहरुको लिष्ट सचिवालयले तयार गरी समिति बैठकमा पेश गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०४।०२ को बैठकले गरेका निर्णयहरु

१. नेशनल ट्रेडिङ्ग लि.को जग्गा भाडा (लिज) मा दिई निर्माण गर्ने सम्बन्धमा निर्णय दिंदा यस समितिले अर्को आदेश नभएसम्म सो कामकारवाही अगाडि नबढाउन निर्देशन दिएकोले सो निर्देशन यथावत् रुपमा कायम राख्न पुनः निर्देशन दिने निर्णय गरियो । यस विषयमा नीतिगत र करार समस्या देखिएकोले आज थप निर्णय केही नगर्ने समेत निर्णय गरियो ।

साथै जग्गाको स्वामित्व हस्तान्तरण वा भाडामा दिने सम्बन्धमा मिति २०६७।०३।१६ मा नेपाल सरकार (म.प.) ले गरेको निर्णय अनुसार गर्न/गराउन पनि सबै निकायहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल खाद्य संस्थान लगायत सबै सार्वजनिक संस्थान/समितिहरुको जग्गा वा स्थिर सम्पत्ति भाडा वा लिजमा दिने सम्बन्धमा हालसम्म भएका सबै निर्णय एवं काम कारवाहीको विवरण १५ दिनभित्र समितिमा पठाउन सबै निकायहरुलाई पत्र लेख्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०४।०३ को बैठकले गरेका निर्णयहरु

१. छानविन समितिले उठाएका विषयहरुको बारेमा जानकारी दिन छानविन समितिका सदस्यहरुलाई मिति २०६७।०४।०६ गते विहान ८:३० बजे आमन्त्रण गर्ने र सो विषयहरुको आधारमा कारवाही गर्नुपर्ने प्रक्रियाका बारेमा छलफल गर्न शिक्षा मन्त्रालयका सचिवलाई पनि सोही बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

छानविन समितिले उठाएका विषयहरुका बारेमा जानकारी दिन उच्च माध्यमिक शिक्षा परिषदका उपाध्यक्ष, सदस्य सचिव, लेखा प्रमुख र भण्डार शाखा प्रमुखलाई आमन्त्रण गरी मिति २०६७।०४।०६ गते विहान ९:३० बजे छलफल गर्ने निर्णय गरियो ।

२. नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियाका सम्बन्धमा समितिले विगतमा दिएको निर्णय एवं निर्देशनको कार्यान्वयनको प्रगति विवरण माथि छलफल गरियो । सोमा छलफल गर्दा समितिले यस सम्बन्धमा दिएका निर्णय एवं निर्देशनहरु यथावत् रुपमा कायम रहेको निर्णय गरियो । यस समितिको निर्देशनहरु जहाज खरिद प्रक्रियामा भएको हालसम्मको कारवाहीको प्रगति विवरण सात दिनभित्र समितिलाई उपलब्ध गराउन नेपाल सरकार (म.प.) पर्यटन मन्त्रालय, अर्थ मन्त्रालय, अख्तियार दुरुपयोग अनुशन्धान आयोग र नेपाल वायुसेवा निगमलाई निर्देशन दिने निर्णय गरियो ।

३. एम.आर.पि. सम्बन्धी परराष्ट्र मन्त्रालयबाट प्राप्त कागजातहरु आज प्रस्तुत गरियो र यस सम्बन्धमा सामान्य छलफल गरियो । पर्सनलाइजेशन प्रिन्टर लगायतका अन्य विषयमा मन्त्रालयको निर्णय प्राप्त भएपछि समितिमा छलफल गर्ने निर्णय गरियो । प्राप्त कागजातहरु

समितिका माननीय सदस्यहरुलाई फोटोकपि वितरण गर्ने निर्देशन सचिवालयलाई दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०४।०६ को बैठकले गरेका निर्णयहरु

१. कक्षा ११ र १२ को उत्तरपुस्तिका छपाई र वितरणमा नीतिगत, कानूनी र प्रक्रियागत त्रुटी भएको कुरा छानविन समितिको प्रतिवेदनमा समेत स्पष्ट रुपमा उल्लेख गरिएको छ । यसमा आर्थिक अनियमितताहरु पनि भएको पाइयो । परिषदका पदाधिकारीहरुले कानून बमोजिमको जिम्मेवारी पनि पूरा गरेको देखिएन । तसर्थ छानविन प्रतिवेदनमा उल्लेख गरिएका सबै पदाधिकारीहरुलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गरी/गराई समितिलाई जानकारी दिन नेपाल सरकार (म.प.) र शिक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. आर्थिक अनियमितता र अख्तियारको दुरुपयोगका सम्बन्धमा थप अनुशन्धान गरी शिघ्र र प्रभावकारी रुपमा कारवाही गर्न छानविन समितिको प्रतिवेदन सहित समितिको निर्णय अख्तियार दुरुपयोग अनुशन्धान आयोगमा पठाउने निर्णय गरियो ।

३. समितिको आजको बैठकमा जनक शिक्षा सामाग्री केन्द्रको लेखापरीक्षण, बेरुजु र समग्र स्थितिका बारेमा अध्ययन गर्न गठित उप-समितिको प्रतिवेदन पेश गरियो । सो उप-समितिको म्याद मिति २०६७।०४।०६ सम्म थप गरी वितरण समेत गर्ने निर्णय गरियो । प्रतिवेदन पेश गरेकोमा उप-समितिलाई धन्यबाद दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०७।२९ को बैठकले गरेका निर्णयहरु

१. काम चलाउ प्रधानमन्त्री श्री माधवकुमार नेपालले नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियाको सम्बन्धमा छानविन गरिरहेको संस्था अख्तियार दुरुपयोग अनुशन्धान आयोगका सचिवलाई मिति २०६७।०७।०५ मा कार्यालयमा बोलाई छानविन कार्यमा प्रभाव पारेको भन्ने विषयमा छलफल गर्न मिति २०६७।०८।०२ गते दिउँसो १:०० बजे बस्ने बैठकमा सम्माननीय प्रधानमन्त्रीलाई आमन्त्रण निर्णय गरियो ।

सो दिनको बैठकमा विहान ८:३० बजे अर्थ मन्त्रालयका सचिवलाई निम्न विषयमा आमन्त्रण गरी छलफल गर्ने :-

- नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियाका सम्बन्धमा यस समितिले दिएको निर्णय एवं निर्देशन र त्यस मन्त्रालयले गरेको निर्णयको कार्यान्वयन स्थिति सम्बन्धमा ।
- संविधानको निर्माणको नाउँमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट भएको खर्च, तिनको लेखापरीक्षण व्यवस्था र काम कारवाहीको स्थितिका सम्बन्धमा ।
- विप्रेषणको प्राप्तिको स्थिति र देशमा रोजगारी सिर्जनाको नीति र कार्यक्रम सम्बन्धमा ।
- वीमा संस्थानको बचत, लगानी, लेखापरीक्षण, नीति र कार्यक्रम सम्बन्धमा ।
- क्यासिनोहरुले तिर्नुपर्ने राजस्व, बक्यौता रहनुको कारणका सम्बन्धमा ।
- विगत आर्थिक वर्षहरुमा अर्थ मन्त्रालयबाट विभिन्न राजनीतिक दलहरु मार्फत निकासा गरिएका बजेटहरुका सम्बन्धमा ।

२. उच्च माध्यमिक शिक्षा परिषदको प्रश्नपत्र छपाई र जनक शिक्षा सामाग्री केन्द्रको काम कारवाही सम्बन्धमा समितिले गरेको निर्णय कार्यान्वयन स्थिति सम्बन्धमा सम्बन्धित मन्त्रालयका सचिवलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

३. सुडानको हतियार आपूर्तिका बारेमा राज्य व्यवस्था समितिले दिएको निर्णयको रिपोर्ट माग गर्ने निर्णय पनि गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०८।०२ को बैठकले गरेका निर्णयहरु

१. सरकारी खर्च तथा सरकारी बजेट व्यवस्थापन आयोगका अध्यक्ष मा. श्री नारायण प्रसाद दाहालले सो आयोगको प्रतिवेदन पेश गर्नुभयो । सो सम्बन्धमा सामान्य छलफल गरियो । सो प्रतिवेदन सचिवालयबाट छपाई गर्न लगाई सबैलाई वितरण गर्ने र त्यसपछि विस्तृत रुपमा छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०८।१६ को बैठकले गरेका निर्णयहरु

१. ऊर्जा मन्त्रालयले १ देखि १०० मेघावाटसम्मका विद्युतको सर्भे लाइसेन्सलाई जम्मा १४७३ वटा निर्देशन लिई केहीलाई लाइसेन्स् दिइएको छ । PPA पनि ९०० मेघावाटको लागि भैरहेको छ । अहिले प्रसारण लाइनको पनि अभाव छ ।

सो सम्बन्धमा समितिका विभिन्न माननीय सदस्यहरुले विभिन्न जिज्ञासा राख्नुभएको थियो र यस सम्बन्धमा छलफल गर्दा मा. ऊर्जा मन्त्री, सो मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई इजाजत विवरण, कार्य संचालन तथा प्रगति जस्ता विषयहरुमा जानकारी दिन २०६७ साल मार्ग १९ गते दिनेका १:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

१. त्यस मन्त्रालयबाट विद्युत सम्बन्धी अध्ययन गर्न इजाजत दिइएका कम्पनीहरुको अद्यावधिक विवरण, ती कम्पनी वा संस्थाहरुले सम्पादन गरेको कार्यको विवरण तथा बढ्दो लोडशेडिङ्गको समस्या सम्बन्धमा र यस समितिद्वारा गठित मध्यमर्स्याङ्दी जल विद्युत आयोजना अध्ययन उप-समितिको प्रतिवेदन कार्यान्वयन सम्बन्धी विषयमा नीतिगत र विस्तृत रुपमा जानकारी दिन मिति २०६७।०८।२७ गते विहान ११:०० बजे बस्ने समितिको बैठकमा मा. ऊर्जा मन्त्री, ऊर्जा मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२. नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियाको सम्बन्धमा व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समिति र नेपाल सरकार अर्थ मन्त्रालयबाट अनियमित र गलत काम कारवाही भएको निष्कर्ष एवं निर्णय गरी थप अनुशन्धान एवं कारवाहीको लागि अख्तियार दुरुपयोग अनुशन्धान आयोगमा अनुरोध गरी पठाएकोमा सो सम्बन्धमा अनुशन्धानको क्रम चलिरहेको बखतमा सम्माननीय महोदयले सो आयोगका पदाधिकारीहरुलाई कार्यालयमा बोलाई छानविन कार्यमा प्रभाव पारेको भन्ने विषय माथि छलफल गर्दा सो सम्बन्धमा जानकारी दिन सम्माननीय प्रधानमन्त्रीलाई मिति २०६७।०८।२८ गते विहान ८:३० बजे आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०८।१९ को बैठकले गरेका निर्णयहरु

१. यस समितिको आमन्त्रणलाई स्वीकार गरी समितिमा उपस्थित भएर जानकारी दिनुभएकोमा मा. ऊर्जा मन्त्री र सो मन्त्रालयका उच्च पदाधिकारीहरुलाई धन्यबाद दिने निर्णय गरियो ।

उपरोक्त विषयहरुमा विस्तृत रुपमा अझै छलफल गर्नुपर्ने देखिएको र ऊर्जा मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणबाट Power Development Agreement गरेका ६ कम्पनीहरुको संझौताहरु, थर्मल प्लाण्ट र अन्य वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रमको अनुमानित खर्च र कार्ययोजना र लोडसेडिङ्गको अन्त्यको लागि गरिने कार्ययोजना सम्बन्धी जानकारी दश दिनभित्र उपलब्ध गराउन पत्र लेख्ने निर्णय गरियो ।

२. मिति २०६७।०९।०१ गते विहान ११:०० बजे बस्ने बैठकमा पेट्रोलियम पद्धार्थहरुको मूल्यवृद्धिका सम्बन्धमा जानकारी दिन मा. आपूर्ति मन्त्री, सो मन्त्रालयका सचिव र नेपाल आयल निगमका कार्यकारी निर्देशकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०८।२८ को बैठकले गरेका निर्णयहरु

१. नेपाल वायुसेवा निगमले जहाज खरिद प्रक्रियाका सम्बन्धमा अवलम्बन गरेको कानून विपरितको प्रक्रिया र कानून विपरित बैना पठाएको विषयलाई लिएर थप अनुशन्धान एवं छानविन गर्न अख्तियार दुरुपयोग अनुशन्धान आयोगलाई समितिबाट अनुरोध भए बमोजिम सो आयोगले अनुशन्धान एवं छानविन कार्य अगाडि बढाइरहेको सन्दर्भमा सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालले अख्तियार दुरुपयोग अनुशन्धान आयोगका पदाधिकारीहरुलाई आफ्नो कार्यालयमा बोलाई सो अनुशन्धान एवं छानविन कार्यलाई प्रभावित पार्नुभएको भन्ने विषयमा समितिलाई जानकारी दिन आज सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपाललाई आमन्त्रण गरिएकोमा उहाँले निम्न कुरा दिनुभएको जानकारी विवरण रहेको छ ।

सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालले मिति २०६७।०८।२८ गते सार्वजनिक लेखा समितिमा दिनुभएको वतव्यको विवरणः-

माननीय सार्वजनिक लेखा समितिका सभापति महोदय, माननीय सदस्यहरु,

सार्वजनिक लेखा समितिको बैठकमा आमन्त्रण गरेर मुलुकको समस्याको बारेमा चासो ध्यानमा राखेर मलाई पनि उठेका प्रश्नहरु या मेरा धारणाहरु व्यक्त गर्ने अवसर प्रदान गर्नुभएमा म लेखा समितिलाई धन्यबाद दिन चाहन्छु । हामी सबै मुलुकलाई अगाडि बढाउन चाहन्छौं र मुलुकमा सुशासन स्थापना भएको देख्न चाहन्छौं । सबै खालका अनुचित क्रियाकलापहरु, भ्रष्टाचारजन्य क्रियाकलापहरु अन्त्य होस् भन्ने हाम्रो धारणा रहेको छ । त्यस हुनाले सार्वजनिक लेखा समितिको धारणासँग म सहमत छु । यी हाम्रा सम्पूर्ण प्रक्रियाहरु पारदर्शी हुनुपर्दछ । हाम्रा काम, क्रियाकलापहरु पारदर्शी हुनुपर्दछ र नियम संगत हुनुपर्दछ, सँगसँगै राष्ट्रको हितलाई केन्द्रविन्दु राखेर संस्थाहरुलाई हानी नोक्सानी पुग्ने कुनै पनि काम हुनुहुदैन । त्यसैगरी काम गर्ने निकायहरुलाई अघि बढ्नका लागि हौसला दिनुपर्दछ । तर यहाँ उठेको प्रश्न अख्तियारका पदाधिकारीहरुलाई बोलाई छानविन कार्यमा प्रभाव पारेको भन्ने सन्दर्भ कहाँबाट कसरी आयो ? मैंले बुझ्न सकेको छैन । किन भन्दाखेरी त्यस्तो ढङ्गबाट प्रभावित पार्ने कुनै काम मबाट भएकै छैन ।

मेरो सीधै धारणा के हो भनी जुन कुनै व्यक्तिहरुले बद्मासी गरेको छ भने अधिकारको दुरुपयोग गरेको छ भने, भ्रष्टाचारजन्य काम गरेको छ भने त्यसलाई सजायँ दिनुपर्दछ । अख्तियारको पदाधिकारीहरुसँग भएको कुराकानी यी नै हुन् । प्रश्न कहाँ उत्पन्न भयो भन्दाखेरी जहाज खरिदको सम्बन्धमा जहाज खरिद गर्नुपर्दछ भन्ने लेखा समितिको निर्णय । त्यो निर्णयको सन्दर्भमा नै कसरी कार्यान्वयन गर्ने भन्ने सन्दर्भमा र त्यसमा सरकारले चासो राखीरहेको छैन, ढिला गरिरहेको छ र नेपाल राष्ट्रलाई, निगमलाई हानी नोक्सानी पुग्ने काम भैरहेको छ भने पटक-पटक लेखा समितिबाट सार्वजनिक संचार माध्यमबाट, आम जनसमुदायहरुमा कुरा उठिरहेको सम्बन्धमा स्वभाविक रुपमा नेपाल वायुसेवा निगमसँग जहाज हुनुपर्दछ । पर्यटन वर्ष २०११ को सम्बन्धमा जहाज अपरिहार्य छ भन्ने मेरो पनि मान्यता रहेको छ । म अझै बोलिरहेको कुरा के हो भन्दाखेरी संसारका अरु देशहरुमा ध्वजावाहक विमानहरुको संख्या बढ्दो छ । निजी विमाज सेवाहरुसँग एयरप्लेनहरुको संख्या बढ्दो छ । हाम्रै देशमा पनि निजी कम्पनीहरुले आफ्नो जहाजको संख्या बढाउँदै-बढाउँदै लगिरहेका छन् । नाफा कमाएको कमाऐ छन् । तर विडम्बना नेपाल सरकारको स्वामित्वमा रहेको निकाय ओरालो लागेको लागै छ । विमान पनि जिर्ण, क्षिण हुँदै गएको छ र जहाजविहिन हुने अवस्थामा पुगिरहेको छ । त्यसैले निगमको साखलाई प्रतिकूल असर पारेको छ । यसै सन्दर्भमा माननीय सदस्यहरु जो लेखा समितिसँग सम्बद्ध हुनुहुन्छ र स्वयं सभापतिज्यू समेत उपस्थित भएको सन्दर्भमा उहाँहरुले मलाई पनि के भन्नुभयो भन्देखिन् अलि बढ्ता चासो राखिदिनु पर्‍यो । हामीले जहाज नकिन्नै भनेका छैनौं । हामीले त खाली कापा हो क्यार ! कापाको रिपोर्ट आधारमा, कापाको रिपोर्टको आधारमा Wide Body जो अहिले Feasible हुनसक्ने भएको हुनाले Narrow body को जहाज किन्नु उपयुक्त हुन्छ भनिसकेको छौं । जहाज किन्नलाई उपयुक्त हुँदैन भनेकै छैनौं हामीले । त्यसमा धेरै ढिलासुस्ती भैरहेको छ । हामीले कुनै बाधा अवरोध खडा गरेका छैनौं । हामीले त प्रतिवेदनको आधारमा भनेका छौं कि Wide Body का बारेमा अध्ययन गर्दाखेरी त्यो अहिले सम्भव, उपयुक्त देखिदैन । तर किन अरु प्रक्रिया अगाडि बढिरहेको छैन भनेर मलाई उहाँहरुले समेत जानकारी दिइसकेपछि अनि बल्ल मैंले त्यसमा ल ठीक छ, म पनि बुझ्छु भनी चासो राखेको हो । अहिले पनि मेरो धारणा छ, बरु म जुन हिसावले म अघि बढ्न खोजी राखेँ त्यसमा ब्रेक लाग्यो । यो त केही पनि गर्नुहुँदो रहेनछ, यहाँ त । ब्रेक लाग्यो । हिजो फेरि मलाई केही माननीय सदस्यहरुले होइन, तपाई लाग्नु पर्‍यो जहाज त चाहियो । मैंले के भनेको छु भन्दाखेरि कुनै एउटासँग होइन लेखा समिति के भन्छ ? अख्तियारका पदाधिकारीले मलाई के भन्नुभयो भने हामी सबै कुराहरु सबैको वीचमा राखी दिन्छौं । प्रष्ट रुपमा राखिदिन्छौं । हामीहरुलाई बोलाइयो भने भन्नु भएको हुनाले मैंले सबैको वीचमा बोलाई दिएको हो । उहाँहरुले नै भन्नु भो बोलाइदिनु भो भने सबैको वीचमा राखिदिन्छौं भनेपछि अर्थ मन्त्रालयका मान्छे, पर्यटन मन्त्रालयका व्यक्तिहरु, त्यसका सरोकारका व्यक्तिहरु सबै बसेको ठाउँमा जहाज कसरी ल्याउने त ? किन ढिला भैरहेको छ ? कल्ले ढिला गरिरहेको छ ? भन्ने सन्दर्भमा व्यापक खुल्ला रुपमा छलफल भएको हो । अनि छलफल गर्दाखेरि के थाहा भयो भने यहाँहरुले उल्लेख गरे जस्तै कि त्यो निगमभित्र आन्तरिक द्वन्द रहेछ । त्यसले पनि समस्या खडा गरिरहेको रहेछ ।

त्यसपछि चाँहि त्यो रकम त्यो के मनी भन्छ ? लक अप भनी बैनाको रकम त्यो बैनाको रकमसित सम्बन्धित समस्या रहेछ । अनि त्यसपछि एउटा किन्नुपर्ने भनिरहेको बेला अर्कोतिर किन अगाडि बढ्ने ? काम भयो । त्यसले पनि समस्या खडा गरिरहेको रहेछ आदि इत्यादि कुरा

भैसकेपछि मैंले स्वयंले भने जहाज चाहियो अध्ययन प्रतिवेदन, लेखा समितिले के भनेको छ ? ती सबैलाई आधार मानेर जहाज किन्ने प्रक्रिया अगाडि बढाउनुपर्‍यो, पारदर्शी हुनुपर्‍यो, आवश्यक पर्छ भने बरु टुँडिखेलको मैदानमा बसेर सबैको वीचमा खुल्ला छलफल गरिकन कसैलाई शंका नहुने गरी, आवश्यक पर्छ भने पदाधिकारीहरु परिवर्तन गरेर नेपाल वायुसेवा निगम नयाँ टिम बनाएर त्यति मात्र होइन । यदि यो देशमा सबैले पत्याएका मान्छेहरुको एउटा टिम बनाएर भए पनि मुलुकलाई नोक्सान नहुने र जहाज प्राप्त हुने यो विधिको निम्ति त्यस्ता विवादरहित व्यक्तिहरु, त्यस्ता छन् भने तिनीहरुलाई समेत सहभागी गराएर भए पनि विमान किन्ने काममा अगाडि बढ्नुपर्छ । अनि त्यो धारणा अहिले पनि त्यही छ । बरु त्यस्ता कति जनाको कमिटी बनाउनुपर्छ । कल्लाई केलाई विश्वास गर्न सकिन्छ ? सबैलाई विश्वास लाग्ने स्थिति बनाउन सकिन्छ । त्यसको आधारमा नेपाल वायुसेवा निगमलाई जहाज विहिन हुने स्थितिबाट मुक्त गरी जहाजको माग संख्या बढ्दै जाने र मुनाफामा चलाउने स्थिति गराउने आवश्यक पनि छ ।

अस्ति भर्खरै म विदेशबाट आउँदाखेरि कतार एयरवेजका पदाधिकारहरुसँग कुराकानी भयो । १७ वटा ल्फिट भएको त्यो कतारको एयरवेजसँग १० वर्षभित्र ९६ वटा हवाई जहाज अहिले पुगिसकेको छ । आउँदो ५ वर्षभित्रमा त्यो जहाजको मात्रा १०० भन्दा बढी पुर्‍याउने, तिनीहरुको लक्ष्य छ । थाई एयरवेजको पनि त्यस्तै अवस्था छ । अरु विभिन्न देशमा चलाइएका विमान कम्पनीहरु ती सबैले मुनाफा कमाइरहेका छन् । हाम्रै देशमा बाहिरबाट आउने जहाज मात्र अत्यन्त धेरै भएको छ । दिनमा दुई तीन उडान समेत उडिरहेका छन् । नेपालबाट बाहिर जाने बाहिरबाट नेपाल आउने पर्यटकहरु उड्ने यात्रुहरु संख्या बढी रहेछ । त्यस्तो अवस्थामा हाम्रो वायुसेवा निगमसँग जहाज छैन । उल्ले यात्री बोक्न सक्तैन । विदेशी कम्पनीहरुले मुनाफा कमाइरहेका छन् र हामीले त्यसको लाभ लिन सकिरहेका छैनौं । ती सबै सन्दर्भमा अन्यन्त, वास्तवमा राष्ट्रिय सहमतिका साथ खुल्ला र पारदर्शी ढङ्गबाट अध्ययन र प्रतिवेदनको आधारमा अहिलेसम्मका विमतिहरुलाई नियन्त्रण गर्नेगरी जहाज खरिदको कामलाई अघि बनाउनुपर्छ भन्ने मेरो धारणा रहेको हुनाले यो कसैलाई पनि कारवाही गर्नबाट रोक्ने, अनुचित ढङ्गबाट प्रभावित पार्ने जस्ता काम कुराहरु त्यो मैंले कल्पना समेत गर्न नसक्ने कुरा भएकोले ती सबै कुरा गलत हुन् । त्यस्ता कुराहरु कसैले पनि प्रभावित हुनु आवश्यक छैन भन्ने कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु । म फेरि पनि के भन्न चाहन्छु भन्दाखेरि को कलाई सहभागी गरउनुपर्दछ तर यस्ता कुरामा विलम्भ नगरीकन किन अवसर आइरहेको २०११ त्यसलाई ध्यानमा राखेर पर्यटकको संख्या बढाउँदै जानुपर्दछ । अहिले हामीकहाँ ५ लाख पर्यटक आइरहेका छन् । त्यसलाई १० लाख पुर्‍याउने लक्ष्य छ । तर हामीले राम्रो ढङ्गले नेपालको पर्यटन क्षेत्रको विस्तार सम्भावनालाई प्रयोग हो भन्न आउँदो १० वर्षमा २५ लाख पर्यटक पुर्‍याउने लक्ष्यका साथ अगाडि बढ्नपर्दछ । अझै पर्यटकहरु बढाउँदै-बढाउँदै जाने हो भने मलाई लाग्छ, त्यो पचास लाखको तहमा ५ लाखको लक्ष्यमा पचास लाख पुर्‍याउन सकिन्छ । कतिपय देशहरुमा जनसंख्या भन्दा बढी पर्यटकहरु बढी आएका छन् । स्पेनमा म पुगेको थिएँ । त्यहाँ पर्यटकका स्थिति हेर्दाखेरि आगमनको संसारका विभिन्न ठाउँमा आगमनको स्थिति, हामीकहाँ रहेका विशाल ठाउँहरु जस्तै लुम्बिनी गौतमबुद्धको जन्मस्थल, लुम्बिनी, पशुपतिनाथ अवस्थित भएको हाम्रो देश धार्मिक पर्यटनको हिसावले सगरमाथा विश्वको सर्वोच्च शिखर सगरमाथा संसारका १० ठूला टाकुरामध्ये सात टाकुरा भएको हाम्रो देश पर्वतीय पर्यटनको हिसावले ट्रेकिङ्गको पर्यटनको हिसावले नदी नालाहरु यहाँ त्यहाँ

रहेकाहरु भनूँ अत्यन्त साहसी पर्यटनको हिसावले प्राकृतिक मनोरम दृश्य अवलोकन गर्ने हिसावले चितवन जस्ता राष्ट्रिय निकुञ्ज जस्ता ठाउँ भएको यो देशमा सफारी जङ्गल, सफारी अवलोकन गर्ने यी सबै हिसावले हेर्ने हो भने नेपालमा पर्यटन क्षेत्रको विशाल संभावना भएको हुनाले हामी अर्को अन्तराष्ट्रिय विमानस्थल बनाउन गैरहेका छौं । सो समेत ध्यानमा राखीकन अझै धेरै विमानहरु नेपालमा हाम्रो झण्डावाहक विमानको रुपमा वायुसेवा निगमको तर्फबाट खरिद गर्ने काममा अघि बढ्नुपर्छ भन्ने म राख्न चाहन्छु र सबै पक्षको पूरै सहयोग हुनुपर्दछ । यसको निम्ति सबै कानूनी पारदर्शी सहभागिताको आवश्यकता, सबै पक्ष विचार गरिकन यी कामहरु शिघ्रता, श्रिघ गर्ने कुरामा पनि लेखा समितिले पनिध्यान पुऱ्याउने छ भन्ने विश्वास राख्दछु । मेरा दुई शब्द यही टुङ्गयाउछु ।

सभापति महोदय, तथा माननीय सदस्यहरु

धेरै गहन छलफलको क्रममा धेरै गहन विचारहरु पनि आए । कतिपय उठेका प्रश्नहरु जिज्ञाशाहरुको बारेमा मैंले जवाफ दिने अवसर पनि प्राप्त गरेको छु । यसैगरी माननीय सदस्यहरुलाई धन्यबाद दिन चाहन्छु ।

वास्तवमा यो शक्ति पृथकीकरण Check and Balance को सन्दर्भमा हामीले आजसम्म गरेका अभ्यासहरु अलि राम्रो विवेचना र समीक्षा गर्नु आवश्यक छ । एकातर्फ हामी शक्ति पृथकीकरणको पक्षमा छौं भने अर्कोतर्फ सिङ्गो राष्ट्रको एउटै संकल्पमा सबैले साथ दिनुपर्ने आवश्यकता पर्छ । यदि सिङ्गो राष्ट्रले साथ दिएन भने शक्ति पृथकीकरण नाउँमा अलग-अलग आफ्नो-आफ्नो ढङ्गले चल्यो भने राष्ट्रि संकल्प हुन आउन सक्तैन । उदाहरणको निम्ति भ्रष्टाचार निर्मूल पार्नको लागि सरकार अगाडि बढिरहेको छ । अर्को निकायले भ्रष्टाचारीलाई विभिन्न हिसावले संरक्षण दिन्छ भने त्यस्तो अवस्थामा भ्रष्टाचार नियन्त्रण गर्न सरकार मात्र गर्न सक्तैन । सरकारले कारवाही गर्छ, अर्को निकायले उसलाई उन्मुक्ति दियो भने उसले के गर्न सक्छ ? त्यस कारणले कहिलेकाहि विभिन्न निकाय वीचमा समय-समयमा छलफल गर्ने एउटा संयन्त्र मैंले देखिराखेको छु । आवश्यकता मलाई महशुस भैराखेको छ । प्रधानन्यायाधिशलाई कसरी बोलाउने ? सर्बोच्च न्यायाधिशसँग कसरी परामर्श गर्ने ? किन ? राष्ट्रिय संकल्प एउटा छ । भ्रष्टाचारी उन्मुलन गर्ने अख्तियारसँग कसरी गर्ने दोहोरो कुराकानी गर्ने कि सामुहिक कुराकानी गर्ने ? यो कुरा आज उठेको होइन । मेरो दिमागमा विगत १० वर्षदेखि प्रस्तुत भएको छ । कुन निकायले वास्तवमै एउटा सामुहिक प्रयत्नका साथ अगाडि बढेको छ ? सरकारले के सोच्यो भने बलत्कारीहरुलाई कडा भन्दा कडा सजायँ दिने तर सरकारले गिरफ्तार गरेर लान्छ र अर्को निकायले उन्मुक्ति दिन्छ, पूरै हुन सक्तैन । भनेपछि सबैको एउटै के दोहोरो पऱ्यो भने यो अपराध सबभन्दा गम्भीर प्रकृतिको छ । त्यस्तोलाई उन्मुक्ति दिनु हुँदैन । यहाँ थोरै र धेरै सजायँमध्ये बढी सजायँमा जानुपर्दछ । चाहे त्यो भ्रष्टाचार, अधिकारको दुरुपयोग, चाहे त्यो अन्य अपराधजन्य क्रियाकलापहरु हुन् ।

यो सबै यो मुलुकलाई मुक्त गर्नु छ भने राज्यका सबै अङ्डाहरु, सबै निकायको वीचमा आवश्यक समन्वय पनि हुनुपर्दछ । विचारको समरुपता पनि हुनुपर्दछ । एकै किसिमको जग पनि हुनुपर्दछ । यस कुरामा समन्वय गर्ने उपायको बारेमा पनि सोच्न यस पटक संविधान निर्माण गरिरहेको सन्दर्भमा यो उपयुक्त हुन्छ भन्ने कुरामा मैंले जोड दिन चाहेको छु । त्यस हुनाले पनि मैंले सुझाव

दिई राखेको छु कि सर्वोच्च अदालतभित्रको भ्रष्टाचारलाई चाहे त्यो संवैधानिक, अन्य निकायहरुभित्रका भ्रष्टाचार कसले नियन्त्रण गर्ने ? अरुको भ्रष्टाचार अख्तियार नियन्त्रण गर्छ, अख्तियारभित्रको भ्रष्टाचार कसले नियन्त्रण गर्ने ?, त्यो एउटै मात्र त्यो महाअभियोग, महाअभियोग लागू नै हुँदा, भनेपछि त्यसैको निम्ति पनि हामीले पहिले म आफैं पनि विपक्षी दलको नेता हुँदाखेरि उपाय, सुझावहश्रु दिन्थे, यसपटक पनि मैंले विभिन्न नेताहरुलाई भनेको छु है ! त्यस वेला सोच्नुस्, Check & Balance भनेको त्यो पनि हो र ? त्यसैगरी समय-समयमा हाम्रा राज्य संचालनमा कहीँ त्रुटी छ कि भन्ने कुरा खोज्नको लागि केही न केही एउटा आफूले Formal/Informal संयन्त्र पनि विकास गर्नुपर्ने आवश्यकता पनि पर्दछ । त्यो मैंले सन्दभएमा राख्न खोजेको Check & Balance र शक्ति पृथकीकरणको सन्दर्भमा । सचिव र अरु सचिवहरु होइन, मनमा भेद्भाव हुनु हुदैन । अपराध हुनु हुँदैन । गलत हुनु हुँदैन । तर बसेर जति पनि छलफल गर्न सकिन्छ । नसकिने कुरा रहेन । फेरि जहाज खरिदको कुराका सन्दर्भमा मैंले पहिले वास्तवमा आफ्नो प्रक्रियाले सबै भैरहेको जहाज खरिद कुराको सन्दर्भमा मैंले पहिल्यै वास्तवमा आफ्नो प्रक्रियाले सबै भैरहेको थाहा छ । तर मलाई विभिन्न नेताहरुले, सभासद्हरुले के भन्न थाल्नुभयो यो त केही तपाई चासो राख्नुभएको छैन । अत्ति पहल गर्नु पर्‍यो, तपाईले सक्रियता देखाउनुपर्‍यो भनेपछि अनि मैंले पनि सोचें । वास्तवमा चैं पनि किन ढिला भैराखेको छ ?, किन भैराखेको छैन ? शुरुमा माधवले हात हाल्यो । त्यसपछि जिम्मा लेको पनि प्रश्न खडा हुन्छ, जसले हालत हाल्यो उसैमाथि शंका गर्ने स्थिति बन्छ भन्ने लाग्यो । पछि धेरैले पनि भनिसकेपछि हुँदा-हुँदा हिसिला यामीजीले पनि भन्नुभयो "पनि अगाडि बढिरहेको छैन ?" भनी सकेको छ । ल ! ठीक छ , म बुझाउँला, बुझ्दाखेरि के देख्छ भन्दाखेरि उसले उसलाई दोष दिई रोखेको छ, उसले उसलाई दोष दिई राखेको छ । यतातिर के भन्छ भने, लेखा समितिले रोकेको हुनाले केही पनि गर्न सकिएन भन्छ, अरु लेखा समितिको हाम्रा माननीय सभापति हुनुहुन्थ्यो । यहाँका बरिष्ठ सदस्यहरु पनि हुनुहुन्थो । चार/पाँच जना भए प्रधानमन्त्रीको Chamber त्यहाँ बोनेश्वरमा, उहाँहरु आउनुभयो । मलाई के भन्नुभयो भन्दाखेरि, हामीले रोकेका छैनौं । यो कसले सुनाइयो । रोकेको कुरा हुँदै हैन । जहाज किन्ने कुरामा अगाडि बढे हुन्छ । त्यसपछि म अगाडि बढेको हो ।

यो कात्तिक ५ गते कुरा गर्दै हुनुहुन्छ । त्यतिखेर मलाई भन्नुभयो । अगाडि बढेको बढ्नुस् । प्रधानमन्त्रीज्यू अगाडि बढ्नुस् भनेपछि म बढेको छ । यहाँ अरु कुनै हिसाबले पनि होइन । अनि मैंले त बुझ्नु त पर्‍यो । अर्को बुँदा उसले जोड दिन्छ । दोष दिन्छ । अर्थलाई अर्थ मन्त्रीलार्य सोध्छु, अर्थमन्त्री भन्नुहुन्छु, "मैंले हामीले रोकेकै छैनौं" । अनि उले भन्छ NAC लाई, अब NAC भित्र अर्को समस्या । अनि अख्तियारलाई दोष दिन्छ । अख्तियारले अर्कालाई दोष दिन्छ । यो सबै कुरा भइसकेपछि मैंले निकायलाई बोलाएर सोध्नु त पर्‍यो । त्यसो कारणले ५ गते सोधेको त्यो हो । अनि उहाँहरुले हामीसँग जम्मै कागज पत्र छ । ल कहाँ भन्नुपर्छ सबै ठाउँमा भन्छौं भन्नुभयो । त्यसो भर मैंले अर्थ मन्त्रालय, पर्यटन मन्त्रालय पनि, मुख्य सचिव पनि, । त्यसै कानून मन्त्रालय पनि सबैलाई बोलाएँ । किन यो जटिलता के हो ? उसले उसलाई भन्छ, अब कति जनाको कुरा सुन्ने अरुर्कोलाई बलाउने, सोध्ने, उसलार्य सोध्यो । उसले अर्को नयाा प्रश्न सोध्छ । फेरि अर्कालाई बरु एउटै फोरममा सबैलाई बोलाई बलाइ दिएपछि त त्यहाँ भएको सबै प्रष्ट रुपमा कुराकानी हुन सक्छ । प्रक्रिया छोट्याउन सकिन्छ भनेर मैंले सबैको वीचमा ल भएको हो । कहाँ हडल छ । समस्या कहाँ हो ? त्यसको खोजी गर्नको लागि बदमासी गरेको छ भने कारवाही

गर्ने त्यही भनेको छु मैंले जुनसुकै व्यक्तिले पनि अख्तियारको दुरुपायेग गरेको छ । भ्रष्टाचार गरेको छ भने कारवाही गर्ने कुरामा तपाईहरु अगाडि बस्नुहोस् । मैंले अख्तियारलाई निर्देशन दिने कुरा त भएन, मैंले आम रुपमा यो मैंले के भने भन्दाखेरि सबै निकाय आफ्नो स्तरबाट गर्नुपर्ने काम गर्नुहोस् । तर हामीलाई विमान चाहिएको छ । देशलाई घाटा नहुने गरी राम्रो क्वालिटीको. छिटो भन्दा छिटो र अहिलेसम्म भएको अध्ययन आधारमा हामीले जहाज छिटो ल्याउने उपाय के छ ? उपाय खोज्नुहोस् । त्यही उपायको सन्दर्भमा के आयो ? भन्दाखेरि यो. अहिले बोर्ड काम लाग्दैन । यसलार्य हटाई दिनुपर्छ । उलाई बोलायो । उल्ले मेरो अधिकार अर्कोले भने अर्को भन्छ । झगडा गर्छन् । के भन्दछ फरक पत अर्कोले अर्को हुन दिदैन । त्यस्तो तमासाको कुरो थाहा भैसकेपछि मैंले अरुलाई भनेदेखि त्यसो भए के गर्ने ? भनेपछि त्यसलाई हटाइदिने मत त्यसमा अगाडि बढी सकेको थिए । हेर्नुस् अनि कलाई ल्याउने भने नामहरु पनि आयो । त्यसो भई अत्यन्तै सबैले माग गरेको दुई वटा उपाय आयो । कि एउटा बोर्ड बनाइदिऊँ, अर्थ मन्त्रालयको, पर्यटन मन्त्रालयको, अनि कुन-कुन मन्त्रालय सबै राखेर त्यसैको बोर्ड त्यसले काम गरोस् । विमान किनुन् भनेर पनि आयो । अर्को भनेको जनताले पत्याउने समाजले, राज्यले भ्रष्टाचारबाट उन्मुक्त छन् । त्यस्तोमा संलग्न छैन । स्वस्थको पक्षमा छैन । एउटा स्पेशल कमिटी बनाइदिऊँ । त्यसैले खरिद गर्ने काम गरोस् उसले अध्ययन गरोस् बोइङ्ग भन्छ । अनि ती के नाम हो ? एयर बस भन्छ कि कलार्य किन्नुपर्छ कि अझ सबै कुरा गरोस् भन्ने कुरा पनि आयो । अनी त्यो सबै स्थिति त म सोच्दै थिएँ । अगाडि बढ्नको लागि पत्रिकामा आयो । प्रधानमन्त्रीको अनावश्यक चासो भनेपछि मेरो पनि उत्साह पनि घटेर गयो । मेरो आफ्नै घरको केही जाने होइन । मलाई पनि लाग्यो "खाइ न पाई छालाको टोपी लगाई" भन्छन् । अव यो गर्नको लागि हौसला दिई साथ दिनुपर्छ । प्रोत्साहन दिनुपर्छ । वहाँले भन्नुभएको ठीकै एकदम आँटका साथ अगाडि बढ्न आँट त के पहाड पल्टाउने आँट च यहाँ आँट त त्यति छ । ए, हँ हँ हँ त्यसो भर्खर आँटको कुरा त के छ भन्ने राजतन्त्र ढलाई सके त्यस्तो कुरामा त डराइएन बाँक त केही पनि होइन । ज्यान खतरामा हुँदाखेरि त जोखिम मोलिएर सबै थोक गरियो भने जीन्दगी नै त्यसैमा विताइएको छ । के आँटको कुरामा समस्या होइन । सामुहिक साझा कुरामा सहयोग हो । त्यो हुने हो भने गर्न सकिन्छ । अव पारदर्शी छ तलमाथि छैन भने त्यसमा मलाई लाग्छ सबैको विश्वास पनि लिनुपर्‍यो । सबै भनेको सरोकारको सबै त भनेको जम्मलाई त सक्नु हुन्न । सबै गरेर मैंले भन्न खोजको हो जरुरी पनि छ, ्रहर गर्नुपर्छ । यहाँ सबैतिर विसंगति देख्छु । विदेशी महोदय, हाम्रा एमएसीहरु दूतावासहरु भाडाको पैसा तपाई तिर्नुहुन्छ । १० वर्षको भाडाको पैसाले नयाँ भवन किन्न सक्छ । केही पनि किन्दैन । कोही अगाडि नै बढ्न चाहदैन । किन चाहदैन ? कोही अगाडि नै बढ्न चाहदैन । किन बढ्न चाहदैन भने त्यहाँ काम गर्न खोज्यो भन्ने कमिशन खायो भन्छ । म आफैं पनि कतिचोटि लागे थाइल्याण्डमा भाउ सस्तो भएको बेलामा लिनु न त भन्दा आज भन्दा पछिले कोशिस् गरे । त्यो त्यतिखेरको एक करोडमा पाइन्थ्यो । अब ५० करोडमा पनि पाइदैन । बेसै त्यहाँ छैन । अहिले युरोपमा जग्गा भाउ घटेको छ । अहिले किन्न कोही पहल गर्दैन । त्यसपछि भाउ महँगो भएपछि किन्नै सक्तैन भनेपछि केले रोकिरहेको छ । कमिशनले रोकेको छ कि केले ? समस्याले मुलुकलाई बन्धक बनाएको मैंले बुझ्न सकिरहको छैन । त्यस हुनाले मैंले लेखा समितिका माननीयहरुलाई ध्यान केमा दिन खोजें भने तपाईहरुले पनि हिम्मतका साथ तपाईहरु पनि एक प्रकारले अगाडि बढोस् । विसंगतिहरु नियन्त्रण होस् ।

यस्ता कुरालाई अनुगमन गर्ने नियकाय पनि भएकोले तपाईहरुले प्रश्न निर्देशन दिनुपर्दछ र साथ पनि दिनुपर्दछ । त्यसो भएकाले सरकार हिम्मतका साथ अगाडि बढ्न सक्दछ । सरकार अगाडि बढ्नको लागि तपाईहरुलाई पनि विश्वासम लिनुपर्दछ । प्रष्ट पार्नुपर्दछ । मनमा आशंका नहुने भने कुरा पनि ध्यान दिनुपर्ने आवश्यकता पर्छ । त्यस हुनाले म वाइड बडीकै पक्षमा छु तर अध्ययन प्रतिवेदनले नै अहिले संभव छैन भनेपछि त सहमत छ भन्न भएन नि । अध्ययन प्रतिवेदनबाट आउन हामी टेक्निकल मान्छे त होइन नि । हामी त पोलिटिकल मान्छे हो । हामी के भन्छौं भन्दाखेरि त ठूला जहाजमा हामी युरोप जान्छौं । त्यसमा यात्री टनाटन भरिएको हुन्छन् । हामीसँग त भइदिए राम्रो हुने थियो भन्ने भावनाको पक्षहो हो । तर अध्ययनले जे बतायो, त्यो अध्ययनको आधारमा गर्नुपर्छ र यदि वास्तवमा न्यारो बडीबाट शुरु गर्ने हो भने न्यारो बडी शुरु गर्ने र वाइड बडीको प्लेनमा जाने ५ वर्ष १० वर्ष भित्र १०, १५, २० कतिवटा जहाज ल्याउन सक्छ । त्यो योजनाबद्ध रुपमा अगाडि बढ्ने व्यवस्थापनमा स्वभाविक रुपमा गर्ने सुधार गर्नुपर्ने आवश्यकता सुधार गर्ने । यसरी कुराहरुको आवश्यकता परेको छ । जहाज छिटो भन्दा छिटो खरिद गर्नुपर्ने यहाँहरुको भावना छ । मैंले हिजो पढे कागजमा गर्ने कुरालाई चाहि अगाडि बढाउन भने कुरा त्यसलाई त्यो बढाउनको लागि सम्बन्धित निकायलाई म पनि भनिदिन्छु । अझ जहासम्म लक अप मनीको कुरा छ त्यो लक अप मनीमा कसले अनियमितता गरेको छ । त्यसको निम्ति अख्तियार निकायले सरोकारवालाले कारवाही गर्ने कुरा छ । हाम्रो जहाज खरिद प्रक्रियालाई प्रभाववित पार्नु हुदैन भने मेरो धारणा रहेको छ । कसले पदमासी गरेको छ । जसले विधि पुऱ्याएको छैन भने कारवाही गर्ने कुरामा रोक्ने कल्पना नै नगर्नुहोस् । त्यो पनि माधव नेपालले बद्मासी गर्नेलाई कारवाही नगर्नु भन्यो भने पत्याउदै नपत्याउने होस् ।

बरु धेरै कारवाही नगर्नु भने तपाईहरु पत्याउँदै नपत्याउनुहोस् । बरु धेरै कारवाही गर बन्यो कि भन्नुहोस् । केही - केही खास अपराधहरुमा धेरै सजायँ गर्न भन्यो कि भ्रष्टाचारमा बलात्कारमा, अपहरणमा मुलुकको आधारभूत म एक दमै कडा छु । अब हाम्रो संस्थानहरुमा हाम्रो सरकारले चलाएमा संस्थान हुन कारखाना हुन जम्मैभित्र यो व्यवस्थापनको अकुशलता समस्याहरु देखिने गरेका पनि छन् । त्यसैको मान हामीले भोगिरहेको छौं । त्यसो भएर मैंले यहाँहरुलाई भन्न खोजेको कार्तिक ५ र ७ गते सम्बन्धमा कुरा त्यही हो ।

मैंले बुझाउन र बुझेका कुरामा अझै वहाँहरुले यत्रो बडी ल्याउनुभएको थियो । वहाँहरुको कुरा बोकेर अर्थ मन्त्रालयमा जाउँला, अर्थले चारवटा प्रश्न गरिदेला । चार वटा प्रश्न गरिसकेपछि पर्यटनमा जाउँला, पर्यटनले पाँचवटा प्रश्न गरिदेला । फेरि लेखा समितिले होला । त्यस कारण सबै सरोकारवाला बसेर एकै ठाउँमा कुराकानी गर्ने । त्यो अरु कुरा गरेको होइन । जहाज छिटा प्रक्रियाबाट कसरी ल्याउने ? के-के हुन्छ ? निगमको व्यवस्थापनमा सुधार गरेर के-के गर्नुपर्छ ? भन्ने कुरामा पारदर्शी ढंगले भएको कुरामा मात्र हो । अख्तियारको काम क्रियाकलाप प्रभावित पार्ने काम होइन र अर्को कुराचाहिँ यहाँहरुले भन्नुभयो, खरिद ऐनलाई भन्नुभयो । खरिद ऐनलाई पारदर्शी छिटो छरितो ढंगले यो खरिद ऐनको लम्बेतान म देखी राखेको छु । यो एउटा काठमाडौंलाई फोहोर मैलालाई व्यवस्थापन गर्न खोज्दाखेरि साढे एक वर्ष भई सक्यो । त्यो प्रक्रिया नै पुग्दैन । अनि ४० करोड रुपमा सरकारको गैरहेको छ । काठमाडौं फोहोर व्यवस्थापन गर्न त्यो अहिले हामी अरुलाई जिम्मा दिने हो भने । उनीहरुले व्इवस्थापन पनि गरिदिन्छ । ४० करोड पनि जोगिन्छ । १० करोड उसले नगद दिन्छ । वर्षको तर के हो के हो ? नियमले मिल्दैन भन्छ ।

प्रक्रियाले पुगेन भन्छ । ३ महिना अर्को समय बढाउन पर्छ भन्छ । म पनि बुझी राखेको छैन । नियमै कसले बनाइदिएको । आजसम्मको नियम कानूनहरु कामै हुन दिदैन । वास्तवमा यो सबैलाई सुधार गर्न पनि भएकोले मैंले ओभर हल गर्नुपर्ने भनेको हो । कारण त्यही हो । त्यसो हुनाले नयाँ जहाज कहिले आउला ? जहिले हामी आँट गरेर ल्याउ भन्छ, त्यसवेला आउाछ त्यो मैंले अर्थ मन्त्रालयलाई पनि भने दिनुपर्ने ग्यारेन्टी बस्ने । यदि नेपाल सरकारले हुँदै भने बरु खोज्छ बाहिर, कसैले लोनबाट पनि सस्तोबाट पनि दिने स्थिति बन्यो भने ल्याउनुर्पछ । जहाज ल्याउने कुराको म पक्षमा छु । नभए यहाँ विदेशी कम्पनीले मुनाफा कमाएकै कमाएको छ । यात्रुहरु बोकेको बोकेकै छन् । अनि जति महिना वितिदै जान्छ । नेपालको घाटा बढ्दै जान्छ । अनि विदेशीहरुले मुनाफा कमाउने स्थिति बन्दै जाने हामीले कुनै किसिमको ढिलाई गर्नु हुँदैन । अब पहिले नै खण्डन किन गर्ने दैनिक पत्रका पढ्यो भने खण्डन गर्ने एउटा डिपार्टमेण्ट नै खडा गर्नुपर्ने हुन्छ ।

अब चित्त दुखाएर अब राम्रै कुरा भो । विदेश पाएर होइन माननीयहरु यहाँहरुले धेरै बोलाई दिने काम धेरै नगर्न होला । बरु माफी दिने काम गर्नुहोला । बरु चाहिँ राम्रै भो । हाम्रो अन्तरक्रिया हुन सक्यो । यो पनि कुरा ठीकै हो । रित्तै जहाज उड्ने गरको छ । हाम्रो देशभित्र पनि नेपाल एयरलाइन्स्को जहाजको टिकट विक्री भएको छैन । अर्को प्राइभेट जहाजको एकदम ब्यापक चलेको छ । अहिले विश्वसनीयता घटेको पनि हो । नियत पनि खराब पाएको होला । त्यसपछि कतिपय अव्यवस्थापनको कारणले पनि हुन सक्तछ । सबैमा सुधार गर्ने आवश्यकता छ । जहाँसम्म दोश्रो पटकको पर्यटन होइन । म पहिलो पटक कुदेर आउन खोजेको थिएँ । यहाँहरुले बोलाउनुभयो । सम्झिनुभयो । जस्तो आउँ कि भन्न लागको थियो । आइहालें कि भन्ठानेको थिएँ । त्यो बेलामा अर्को काम पऱ्यो । यहाँहरुले बोलाएको बेलामा आउन नसकेकोले दुःख लागेको छ । अतः तरङ्गहरु त पैदा नै हुन्छ । त्यो तरङ्गबाट चाहिँ एउटा मात्र मैंले के भन्न खोजेको थिएँ भन्दाखेरि कसैले पनि कुराहरु बोल्दा म माथि पनि आइलाग्छ । सोचेर बोल्नु राम्रो हुन्छ । हेर्नुस् राजनीतिमा लागेको पनि धेरै वर्ष भैसक्यो । त्यस हुनाले ख्याल के गर्नुपर्छ भन्दाखेरि हामी सबै शिशाको घरमा बसेको छौ । त्यस हुनाले अरु शिशाको घर बसेको हुनाले ढुङ्गा उठाउँदा खेरि आफ्नै घरमा पनि पर्न सक्छ भनी सोचेर कहिल्यै चित्त दुखौला । भोलि हामी प्रतिपक्षमा बसौंला । भोलि हामी कोही सभापति भइएला । त्यस्तो अवस्थामा फेरि रुन पर्ने अवस्था नभइदिओस् । विगतका अनुभवलाई ख्याल गरी त्यसकारण सबैलाई विचार गरी राजनीति पनि त्यस्तै हो । समाज पनि त्यस्तै हो । त्यस हुनाले मैंले के भन्न खोजेको भने कसैका पनि भावनामा चोट नपुग्ने गरी मूल कुराहरुमा केन्द्रित गरी हामी सबै अगाडि बढ्न सके राम्रो हुने थियो । यहाँहरुको भावनालाई तिव्र बनाउनको लागि अब कारवाहीको प्रक्रिया अख्तियारको कुरा भो । नेपाल सरकारको प्रक्रिया भएन । जहाज खरिद प्रक्रिया त्यो आफ्नो-आफ्नो प्रक्रियामा जाने कुरामा म संवन्धित निकायमा अगाडि बढ्न भन्दैछु । यति भन्दै यहाँहरुले बोलाउनु भएकोमा धन्यबाद दिँदै विदा हुन्छु ।

धन्यबाद !

२. यस समितिको मिति २०६७।०९।०१ गते विहान ११:०० बजे बस्ने बैठकमा पेट्रोलियम पद्धार्थहरुको मूल्यवृद्धिको कारण जनतामा नराम्रो असर र प्रभाव परेकोले यस सम्बन्धमा जानकारी दिन मा.

बाणिज्य तथा आपूर्ति मन्त्री, सो मन्त्रालयका सचिव र नेपाल आयल निगमका महाप्रबन्धकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

३. आ.व. २०६६।०६७ र २०६७।०६८ को केन्द्रिय स्तर र जिल्लास्तरका कार्यक्रमहरुको तर्जुमा प्रक्रिया, कार्यान्वयन स्थिति (२०६६।०६७ को) अनुगमन र मूल्यांकन प्रक्रियाका सम्बन्धमा जानकारी दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष लगायत सबै सदस्यहरुलाई मिति २०६७।०९।०१ गते दिनको १:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. नेपाल वायुसेवा निगमको जहाज खरिद प्रक्रियामा भएको अनियमितताका सम्बन्धमा थप अनुशन्धान र छानविनको लागि अख्तियार दुरुपयोग अनुशन्धान आयोगमा अनुरोध गरी पठाइएकोमा त्यहाँबाट हालसम्म भएको प्रगतिका सम्बन्धमा जानकारी दिन सो आयोगका सचिव र अनुशन्धान अधिकृतहरुलाई समितिको मिति २०६७।०९।०२ गते विहान ८:३० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।०१ को बैठकले गरेका निर्णयहरु

१. आ.व. २०६७६८ को केन्द्रीय स्तर र जिल्ला स्तरको योजना र कार्यक्रम माथि राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्षज्यू र माननीय सदस्यहरुसँग समेत छलफल गर्दा माननीय मन्त्रीज्यूहरु, उच्च पदाधिकारीहरु र राष्ट्रिय योजना आयोगका सदस्यहरुको जिल्ला र क्षेत्रहरुका योजना र कार्यक्रमहरुमा विनियोजित बजेटको ठूलो हिस्सा विनियोजन गरेको पाइएकोले यसबाट राष्ट्रिय साधन र श्रोतको न्यायोचित वितरण नभएको दखिएकोले यो कार्यक्रममा १५ दिनभित्र पुनरावलोकन गरी न्यायोचित हिसावको दृष्टि राखी नयाँ योजना तथा कार्यक्रम ल्याउने निर्देशन दिने निर्णय गरियो ।

२. केन्द्रीय र जिल्ला स्थित योजना, योजना छनौट, तर्जुमा, निर्माण र अनुगमन तथा मूल्यांकन प्रक्रियामा सम्बन्धित जिल्लाका सबै सभासद्हरुलाई अनिवार्य रुपमा सहभागी गराउने व्यवस्था गर्न/गराउन नेपाल सरकार र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने निर्णय गरियो ।

३. कास्की जिल्लाको पोखरा लेक साइडको पर्यटन कार्यालयको नाउँमा रहेको लेक साइड (क्याम्पिङ्ग साइड) को जग्गा लामो अवधिको लागि लिजमा दिइएको भन्ने सम्बन्धमा छलफल हुँदा लिजमा दिनुको आधार र कारणका सम्बन्धमा समितिलाई जानकारी दिन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने र लिजमा दिने लिने भनी गरिएको सम्पूर्ण कार्य र निर्माण कार्य तत्काल बन्द गर्न/गराउन निर्देशन दिने निर्णय गरियो ।

४. मूल्यवृद्धिको असर र प्रभावका सम्बन्धमा विस्तृत रुपमा छलफल गर्नुपर्ने देखिएकोले पछि पेट्रोलियम डिलर एशोसियशनका प्रतिनिधिहरु, निगमका कर्मचारी युनियनका प्रतिनिधिहरु, उपभोक्त मंचका पदाधिकारीहरु, दुवानी एशोसियशनका प्रतिनिधिहरुलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।०२ को बैठकले गरेका निर्णयहरु

१. नेपाल वायु सेवा निगमको जहाज खरिद प्रक्रिया सम्बन्धी छानविन तथा अनुशन्धान कार्य सकिएकोले सो सम्बन्धमा समितिको मिति २०६७।०९।०२ को बैठकमा छिट्टो भन्दा छिट्टो निर्णय

गर्ने प्रतिबद्धता जनाए अनुसार निर्णय गर्न अख्तियार दुरुपयोग अनुशन्धान आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।०७ को बैठकले गरेका निर्णयहरु

२. मिति २०६७।०९।०९ गते विहान ९:०० बजे बस्ने बैठकमा कास्की जिल्लाको पोखरा लेक साइडको पर्यटन कार्यालयको नाउँमा रहेको लेक साइड (क्याम्पिङ्ग साइड) को जग्गा लामो अवधिको लागि लिजमा दिइएको भन्ने सम्बन्धमा छलफल हुँदा लिजमा दिनुको आधार एवं कारण, होटलहरुको स्तर वृद्धिको आधार र मिनी क्यासिनो संचालनको स्वीकृतिको आधार, काम कारवाहीहरुको अनुगमन तथा मूल्यांकन र राजस्व असूली एवं बक्यौताका सम्बन्धमा छलफल गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

३. मिति २०६७।०९।११ गते विहान ११:०० बजे बस्ने बैठकमा मूल्यवृद्धिको असर र प्रभावका सम्बन्धमा विस्तृत रुपमा छलफल गर्न पेट्रोलियम डिलर एशोसियशनका प्रतिनिधिहरु, निगमका कर्मचारी युनियनका प्रतिनिधिहरु, उपभोक्ता मंचका पदाधिकारीहरु, पेट्रोलियम दुवानी एशोसियशनका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

४. मिति २०६७।०९।१२ गते विहान ११:०० बजे बस्ने बैठकमा उच्च माध्यमिक शिक्षा परिषदको कक्षा ११ र १२ को प्रश्नपत्र छपाईका सम्बन्धमा र जनक शिक्षा सामाग्री केन्द्रको लेखा, लेखापरीक्षण लगायतका विषयमा समितिद्वारा दिइएका निर्देशन एवं सुझावहरुको कार्यान्वयन स्थितिका बारेमा जानकारी दिन माननीय शिक्षा मन्त्री, सो मन्त्रालयका सचिव, उच्च माध्यमिक शिक्षा परिषदका सदस्य सचिव र जनक शिक्षा सामाग्री केन्द्रका महाप्रबन्धकलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।१२ को बैठकले गरेका निर्णयहरु

१. प्रश्नपत्र नेपालमै छपाउने सम्बन्धमा मा. शिक्षा मन्त्रीज्यूले आजको बैठकमा प्रतिबद्धता व्यक्त गरे अनुसार यसै वर्षबाट प्रश्नपत्र नेपालमै छपाई सोको जानकारी दिन शिक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. उच्च माध्यमिक शिक्षा परिषद र जनक शिक्षा सामाग्री केन्द्रको सम्बन्धमा समितिले दिएका निर्देशनहरुको छिट्टो भन्दा छिट्टो कार्यान्वयन गरी/गराई समितिलाई जानकारी दिन शिक्षा मन्त्रालय उच्च माध्यमिक शिक्षा परिषद र जनक शिक्षा सामाग्री केन्द्रलाई निर्देशन दिने ।

३. उत्तरपुस्तिका (कक्षा ११ र १२ को सम्बन्धमा) छपाईको अनियमितता सम्बन्धी अनुशन्धान एवं कारवाहीको छिट्टो भन्दा छिट्टो टुङ्गो लगाई जानकारी दिन अख्तियार दुरुपयोग अनुशन्धान आयोगलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

४. काठमाडौंका विभिन्न ठाउँमा आकाशे पूल बनाउने र पसल बनाउने र हुलाकी सडकहरुमा बन्ने पूलका सम्बन्धमा जानकारी दिन स्थानीय विकास मन्त्रालय र भौत्तिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई र काठमाडौं महानगरपालिकाका प्रमुखलाई मिति २०६७।०९।२१ गते विहान ११:०० बजे आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

५. फ्रिक्वेन्सी वितरण सम्बन्धी प्रक्रिया एवं काम कारवाहीका सम्बन्धमा र भि.ओ.आई.पी. सम्बन्धी विषयमा समितिलाई जानकारी दिन सूचना तथा संचार मन्त्रालयका सचिव, गृह मन्त्रालयका

सचिव र नेपाल दूरसंचार प्राधिकरणका कार्यकारी प्रमुखलाई आमन्त्रण गरी मिति २०६७।०९।२२ गते विहान ११:०० बजे छलफल गर्ने निर्णय गरियो ।

६. साल्ट ट्रेडिङ्गको नूनको खरिद प्रक्रिया, मूल्य र विक्री प्रक्रिया एवं मूल्यका बारेमा समितिलाई जनकारी दिन मिति २०६७।०९।२३ गते विहान ११:०० बजे बस्ने बैठकमा बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र साल्ट ट्रेडिङ्ग कर्पोरेशनका कार्यकारी प्रमुखलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

७. राज्य व्यवस्था समितिको डार्फर सम्बन्धी अध्ययन प्रतिवेदन सबै माननीयज्यूहरुलाई वितरण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।१३ को बैठकले गरेका निर्णयहरु

१. होटलहरुको स्तर निर्धारण र संचालन तथा काम कारवाहीहरुको इजाजत दिँदा उल्लेखित शर्तहरुको पालना गरेको देखिएन र पर्यटन मन्त्रालयले पनि देशमा संचालित ४७५ होटलहरुको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अनुगमन र मूल्यांकन पनि सशक्त र प्रभावकारी गरेको पाइएन ।

२. क्यासिनो र इलेक्ट्रोनिक मेशिनका माध्यमबाट पर्यतकहरुलाई मनोरञ्जन गराउने खेल सम्बन्धी क्यासिनोहरुको इजाजत, स्वीकृति र संचालन (रिक्रिएशन सेन्टर) सम्बन्धी कुनै ऐन, नियम र कार्यविधि नबनाई पटके निर्णयको आधारमा २०२३ सालदेखि नै क्यासिनोहरु संचालन हुँदै आएको पाइयो । ती क्यासिनोहरुले इजाजतका शर्तहरु पालना नगर्दा र समयमै राजस्व नतिर्दा पनि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कुनै कारवाही गरेको देखिएन ।

३. नेपाली नागरिकहरुलाई क्यासिनोभित्र प्रवेश गर्न नदिने शर्तको क्यासिनो संचालक र इलेक्ट्रोनिक मेशिन मार्फत मनोरञ्जन दिने, इजाजत लिनेहरुले कडाइका साथ पालना गरको देखिएन । आइन्दा नेपालीलाई प्रवेश गराई खेलाइएको पाइएमा तत्काल क्यासिनो र इलेक्ट्रोनिक मेशिनका माध्यमबाट मनोरञ्जन गराउने खेल संचालन सम्बन्धी इजाजत रद्ध गर्ने गर्ने/गराउने ।

४. कानून र कार्यविधि नबनाई क्यासिनो संचालन गर्न नदिने र ती क्यासिनोहरुले तिर्नुपर्ने राजस्व प्रचलित कानून बमोजिम ३५ दिनभित्र असूल उपर गर्न नेपाल सरकार मन्त्रिपरिषद, पर्यटन र अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।२१ को बैठकले गरेका निर्णयहरु

१. काठमाडौंका विभिन्न १२ वटा ठाउँहरुमा आकाशे पूल बनाउने सम्बन्धमा काठमाडौं महानगरपालिकाले गरेको कार्य प्रचलित सार्वजनिक खरिद ऐन र नियम विपरित भएको र भौत्तिक योजना तथा निर्माण मन्त्रालयबाट दिइएको आधार भन्दा बाहिर गई निर्माण गरेको देखिन्छ । पुलको डिजाइन भौत्तिक योजना मन्त्रालयबाट गराएको पनि देखिएन । महानगरपालिकाले गरेको पूलको डिजाइन पनि त्रुटिपूर्ण देखिएको छ । तसर्थ यस सम्बन्धमा काठमाडौं महानगरपालिकाबाट गरिएका सबै संझौता र निर्माण कार्य तत्काल रद्ध गर्न/गराउन काठमाडौं महानगरपालिका, भौत्तिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

साथै यस प्रकारका कार्यहरु भविष्यमा गर्दा/गराउँदा विस्तुत अध्ययन गरी सबै सरोकारवालाहरुसँग छलफल गरी र उनीहरुको राय सुझाव लिई प्राविधिक रुपले उपयुक्त र लाभदायी हुने किसिमले कार्य गर्न/गराउन, राजधानीको सौन्दर्य विग्रन नदिन र जनतालाई अप्ठेरो नपर्ने गरी टोल लिएर फ्लाई ओभर बनाउने सकिने तर्फ सोची काम गर्न/गराउन पनि ती सबै निकायहरुलाई निर्देशन दिने निर्णय गरियो र सोको प्रगति विवरण समितिमा मासिक रुपमा पठाउन पनि निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।२२ को बैठकले गरेका निर्णयहरु

१. आज फ्रिक्वन्सी वितरण र भी.ओ.आई.पी. सम्बन्धी नीति र काम कारवाहीका बारेमा समितिलाई जानकारी दिन आमन्त्रित गरिनु भएका सूचना तथा संचार मन्त्रालय र गृह मन्त्रालयका सचिवहरुले सो बारे सामान्य जानकारी गराउनुभयो । गृह मन्त्रालयबाट हासम्म ३३ जनालाई कारवाही गरिएको जानकारी गराइयो ।

यस सम्बन्धी कागजात र विवरणहरु अध्ययन गर्न समय लाग्ने भएकोले सो सम्बन्धमा मिति २०६७।०९।२९ गते विहान ९:०० बजे बस्ने बैठकमा छलफल गर्ने र सो बैठकमा गृह र संचार मन्त्रालयका सचिव, दूरसंचार प्राधिकरणका अध्यक्ष र कार्यकारी प्रमुखलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२. साथै नेपाल दूर संचार प्राधिकरणकले हालसम्म ईजाजत दिएका फ्रिक्वन्सी कुन विधि र कुन कानून अन्तर्गत दिइएको खुलाउन र सेवा प्रदायक कम्पनीहरुले ईजाजत माग्दा कबोल गरेको रोयल्टी, तिरेको रोयल्टी, तिर्न बाँकी रोयल्टी र मिन्हा गरेको रोयल्टीको स्पष्ट विवरण मिति २०६७।०९।२८ भित्र पेश गर्न संचार मन्त्रालय र दूरसंचार प्राधिकरणलाई निर्देशन दिने निर्णय गरियो । मिन्हा गरेको भए कुन मितिमा, कसको निर्णयबाट, कुन कम्पनीको कति रकम मिन्हा भएको हो ? सो पनि खुलाई पठाउन निर्देशन दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।०९।२९ को बैठकले गरेका निर्णयहरु

१. २ जी र ३ जी लगायतको फ्रिक्वन्सी वितरण सम्बन्धी नीति र दुरुपयोग नियन्त्रण सम्बन्धी अवस्था तथा रोयल्टी असूली लगायतका विषयमा अध्ययन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन दिन देहाय बमोजिमको उप-समिति गठन गरियो ।

मा. डा. श्री प्रकाशचन्द्र लोहनी	संयोजक
मा. श्री रविन्द्रप्रसाद अधिकारी	सदस्य
मा. श्री धनराज गुरुङ्ग	सदस्य
मा. श्री रघुविर महासेठ	सदस्य
मा. श्री नारायण प्रसाद दाहाल	सदस्य
मा. श्री सुरिताकुमारी साह	सदस्य
मा. श्री सरला रेग्मी	सदस्य

२. साल्ट ट्रेडिङ्गको नूनको खरिद प्रक्रिया, मूल्य तथा विक्री प्रक्रिया, मूल्य र शेयर बाँडफाँडका बारेमा समितिलाई जानकारी दिन बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र साल्ट ट्रेडिङ्ग कर्पोरेशनका महाप्रबन्धकलाई मिति २०६७।१०।०२ गते विहान ९:०० बजे समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

३. ई-टेण्डर प्रक्रियालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा छलफल गर्न कार्यबाहक महालेखा परीक्षक, मुख्य सचिव, अर्थ मन्त्रालय, गृह मन्त्रालय, भौत्तिक योजना तथा निर्माण मन्त्रालय, ऊर्जा मन्त्रालय, सिंचाई मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव, महालेखा नियन्त्रक, सिंचाई विभाग, सडक विभाग र स्वास्थ्य विभागका महानिर्देशकलाई समितिको मिति २०६७।१०।०६ गते विहान ९:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. नेपाल रेल्वेको संचालन, कार्ययोजना र मर्मत संभारका सम्बन्धमा समितिले दिएको निर्देशनको कार्यान्वयन स्थिति र आ.व. २०६७।६८ को बजेट तथा कार्यक्रमका सम्बन्धमा जानकारी दिन मा. अर्थ मन्त्री, मा. श्रम तथा यातायात मन्त्री, सो मन्त्रालयका सचिव र भौत्तिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई समितिको मिति २०६७।१०।०७ गते विहान ९:०० बजेको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

५. समाज कल्याण परिषदको काम कारवाहीको सम्बन्धमा समितिलाई जानकारी दिन मा. महिला, बालबालिका तथा समाजकल्याण मन्त्री, सो मन्त्रालयका सचिव र सो परिषदका उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य सचिव र अरु ३ जना पदाधिकारीहरुलाई २०६७।१०।०९ गते विहान ९:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।०२ को बैठकले गरेका निर्णयहरु

१. आजको बैठकले निम्न विषयको विवरणहरु सात दिनभित्र समितिलाई उपलब्ध गराउन बाणिज्य तथा आपूर्ति मन्त्रालय र साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई निर्देशन दिने निर्णय गरियो ।

- नूनको कारोबार साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई गर्न दिने सम्बन्धी सरकारको निर्णय ।
- सरकार, साल्ट ट्रेडिङ्ग र दाता वीच भएको संझौता/विवरण ।
- सरकारले नूनको कारोबार र साल्ट ट्रेडिङ्गको काम कारवाहीका सम्बन्धमा दिएका निर्देशनहरुको विवरण, सम्पत्ति हस्तान्तरण विवरण र सम्पत्ति सहयोगको विवरण र बेला-बेलामा बनाएका अध्ययन समितिहरुको प्रतिवेदनहरु ।
- रु.४ करोड ५ लाखको नून कोषको संचालन स्थिति विवरण ।
- शेयर बाँडफाँड र अवस्थाको विवरण ।
- नेपाल सरकारले साल्ट ट्रेडिङ्गलाई हालसम्म दिएको नगद अनुदान र भौत्तिक सम्पत्तिको अद्यावधिक विवरण ।
- साल्ट ट्रेडिङ्गको सम्पत्ति, दायित्व र लेखापरीक्षण विवरण ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।०६ को बैठकले गरेका निर्णयहरु

१. श्रम तथा यातायात मन्त्रालयले सडक विभाग अन्तर्गत ई-टेण्डरका प्रक्रियालाई विगत ३ वर्षदेखि सफलतापूर्वक कार्यान्वयन गर्दै आएकोमा सो मन्त्रालय र विभागलाई धन्यबाद दिँदै नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय र निकायहरुलाई रु. २५ लाख र सो भन्दा माथिको निर्माण, खरिद वा सेवा कार्य गर्दा/गराउँदा ई-विडिङ्ग ई-टेण्डर र ई-प्रोक्युरमेण्टको पद्दतिलाई यसै आर्थिक वर्षदेखि प्रभावकारी रुपमा अगाडि बढाउन सबै मन्त्रालय, सचिवालय र निर्देशनालयलाई निर्देशन दिने र सोको कार्यान्वयनको जानकारी समितिलाई महिना-महिनामा पठाउने गरी निर्देशन दिने निर्णय सर्वसम्मतिले गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।०७ को बैठकले गरेका निर्णयहरु

१. नेपाल रेल्वे सेवालाई प्रभावकारी रुपमा अगाडि बढाउन श्रम तथा यातायात मन्त्रालयले माग गरेको रु. १३ करोडको बजेट तत्काल निकासा गर्ने मा. अर्थ मन्त्री श्री सुरेन्द्र पाण्डेले समितिको आजको बैठकमा प्रतिबद्धता जनाए अनुसार पूल लगायत सबै मर्मत संभारको कार्य तत्काल गरी/गराई रेल्वे सेवालाई प्रभावकारी बनाउन निर्देशन दिने निर्णय सर्वसम्मतले गरियो ।

२. यी कार्यहरु गर्दा/गराउँदा समितिले मिति २०६६।०५।१७ मा दिएका निर्देशनहरुको पूर्ण रुपमा कार्यान्वयन गर्न/गराउन पनि पुनः निर्देशन दिने निर्णय गरियो । साथै ब्रोडगेजमा लाने तर्फ पनि आवश्यक कारवाही प्रभावकारी रुपमा अगाडि बढाउन श्रम तथा यातायात, अर्थ र भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो । यस कार्यको समितिले पनि महिना-महिनामा अनुगमन गर्ने कुराको जानकारी पनि ती सबै मन्त्रालयहरुलाई दिने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।०९ को बैठकले गरेका निर्णयहरु

१. समाज कल्याण परिषदको विगत ३ वर्षको आय, व्यय, भवन र जग्गाको भाडाको स्थिति र उपायोगको तरीका, अनुगमन र मूल्यांकनका कामकारवाही तथा यस वापत प्राप्त हुने आय (शुल्क) लगायतको अन्य विषयमा एक महिनाभित्र अध्ययन गरी प्रतिवेदन दिन देहाय बमोजिमका माननीय सदस्यहरु रहेको उप-समिति गठन गर्ने निर्णय गरियो ।

मा श्री नवराज धामी	संयोजक
मा. श्री रामनारायण सिंह	सदस्य
मा. श्री तुल्सी सुब्बा	सदस्य
मा. श्री नारायणीदेवी घिमिरे	सदस्य
मा. श्री अनिलकुमार झा	सदस्य

२. फास्ट ट्र्याकको कामकारवाही र जनता आवासको कामकारवाहीका सम्बन्धमा जानकारी दिन मा. उप-प्रधानमन्त्री एवं भौत्तिक योजना तथा निर्माण मन्त्रीज्यूलाई मिति २०६७।१०।१३ गते विहान ९:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

३. पूर्वाञ्चल विश्वविद्यालय, बाल संगठन, भृकुटी कागज कारखाना र बुटवल धागो कारखानाको ऋण सम्बन्धी कागजात सम्बन्धित मन्त्रालय र निकायहरुबाट माग गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।१३ को बैठकले गरेका निर्णयहरु

१. जनता आवास, पेट्रोलियम पदार्थको मूल्यवृद्धि कार्यक्रम र कर्मचारी सरुवाका सम्बन्ध छलफल गर्न मिति २०६७।१०।१७ गते विहान ११:०० बजे बस्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।१७ को बैठकले गरेका निर्णयहरु

१. बैठकमा आकाशे पूल निर्माणको कार्य रद्ध गर्ने सम्बन्धमा सार्वजनिक लेखा समितिले गरेको निर्णय सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा निवेदन परेपछि जवाफ दिन सो अदालतद्वारा पठाइएको पत्र बारे जानकारी गराइयो ।

२. काठमाडौं-तराई जोड्ने द्रुत मार्ग (Fast Track) निर्माण प्रक्रिया र अनुमानित लागत तथा वित्तीय श्रोत र व्यवस्थापनका सम्बन्धमा सरकारलाई दिने निर्देशनका सम्बन्धमा छलफल गर्दा निम्न निर्णय गरियो ।

- काठमाडौं-तराई जोड्ने द्रुत मार्गको निर्माण प्रक्रिया, सोको वित्तीय श्रोत र व्यवस्थापन तथा अनुमानित लागतका सम्बन्धमा अर्थ र भौत्तिक योजना तथा निर्माण मन्त्रालयका सचिवहरु, उद्योग, बाणिज्य महासंघ र नेपाल ईन्जिनियरिङ्ग एशोसियशनका अध्यक्ष एवं प्रतिनिधिहरुलाई आमन्त्रण गरी पछि छलफल गर्ने निर्णय गरियो । उपयुक्त समयमा समितिले द्रुत मार्गको हालसम्मको कारवाहीको र स्थलगत कार्यको निरीक्षण एवं अध्ययन भ्रमण गर्ने निर्णय गरियो ।

३. क्यासिनो संचालन, बक्यौता असूली तथा क्यासिनोमा नेपालीलाई प्रवेश गर्न नदिने सम्बन्धमा भएको प्रगति स्थितिका सम्बन्धमा समितिलाई जानकारी दिन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका सचिवहरुलाई मिति २०६७।१०।१९ गते विहान ९:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. जनता आवास कार्यक्रमको काम कारवाही सम्बन्धी अध्ययन उप-समितिको प्रतिवेदन बैठकमा पेश गरियो र सो प्रतिवेदन सबै सदस्यहरुलाई वितरण गर्ने निर्णय गरियो ।

५. ई-विडिङ्गको प्रक्रियालाई सशक्त र प्रभावकारी ढंगले अगाडि बढाई अर्बौं रुपैया जोगाएको तथा विडिङ्ग प्रक्रियालाई स्वच्छ, पारदर्शी र प्रभावकारी बनाउन सक्रिय भूमिका खेलिरहेका सडक विभागका महानिर्देशक श्री रामकुमार लम्सललाई सरुवा गर्नुपर्नाका औचित्यपूर्ण आधार र कारण पठाउन भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. नेपाल आयल निगमबाट खरिद हुने पेट्रोलियम पद्धार्थहरुको वितरण, मूल्य निर्धारण, विक्री तथा ढुवानी प्रक्रिया, भण्डारण, स्थिति, ऋणको प्राप्ति र भुक्तानी एवं दायित्व र लेखापरीक्षण स्थितिका बारेमा समितिलाई एक महिनाभित्र प्रतिवेदन दिन निम्नानुसारको उप-समिति गठन गर्ने निर्णय गरियो ।

मा. श्री धनराज गुरुङ्ग संयोजक

मा. श्री अलाउद्दिन अन्सारी सदस्य

मा. श्री सुरिताकुमारी साह सदस्य

मा. श्री टेकबहादुर बस्नेत सदस्य

मा. श्री जुनकुमारी रोक्का ओली सदस्य

मा. श्री उषा गुरुङ्ग सदस्य

मा. श्री रामजीप्रसाद शर्मा सदस्य

सार्वजनिक लेखा समितिको मिति २०६७।१०।१९ को बैठकले गरेका निर्णयहरु

१. **क्यासिनो सम्बन्धी निर्णयको व्यहोरा**

- पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गृह र अर्थ मन्त्रालयसँग परामर्श लिई पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले १५ दिनभित्र कार्यविधि बनाई लागू गर्ने र सोको जानकारी समितिलाई पठाउने ।
- क्यासिनो संचालन सम्बन्धी कानून जतिसक्दो छिट्टो बनाउन पहल गर्ने ।
- स्लट मेशिन (मिनी क्यासिनो) संचालन सम्बन्धी कानून र कार्यविधि नबन्दासम्म सो मेशिन संचालन सम्बन्धी कार्य रोक्ने र रोक्न लगाउने ।
- क्यासिनोलाई व्यवस्थित बनाउन र भरसक उपत्यका बाहिर संचालन गर्ने तर्फ पनि कारवाही गरी जानकारी दिन निर्देशन दिने ।
- गृह मन्त्रालयले जुवाँ ऐनमा समसामयिक संशोधन गरी समितिलाई जानकारी दिने ।
- यस अगाडिका निर्देशनहरु यथावत रुपमा कार्यान्वयन गर्ने/गराउने ।

२. **नेपाल टेलिकमलाई निम्न निर्देशन दिने निणय गरियो :-**

- नेपाल टेलिकमले सेवा प्रवाहको दायरा विस्तार गरी वर्तमान सेवा तथा अब थप हुने सेवा समेतमा गुणस्तर सुनिश्चित हुनेगरी कार्य गर्ने ।
- सार्वजनिक खरिद, निर्माण वा सेवा सम्बन्धी कार्य गर्दा पूर्व तयारी र योजना गरी तत्काललिन, मध्यकालिन र दिर्घकालिन कार्ययोजना बनाई गर्ने ।
- उपरोक्त कार्य गर्दा स्वच्छ र पारदर्शी खरिदको लागि Bid document तयारी, सूचना प्रकाशन, मल्यांकन Criteria, मूल्यांकन समिति र निर्णय प्रक्रियाको स्वच्छ पारदर्शी मापदण्डको स्पष्ट खाका तयारी गरी कार्य गर्ने र Bid को बाह्य मूल्यांकनकर्ताबाट पनि मूल्यांकन गर्ने/गराउने व्यवस्था गर्ने ।
- उपरोक्त निर्णयहरुको जानकारी एवं कार्यान्वयनको लागि नेपाल टेलिकम लगायत अर्थ मन्त्रालय र सूचना तथा संचार मन्त्रालय, अख्तियार दुरुपयोग अनुशन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत पठाउने ।

सार्वजनिक लेखा समितिको मिति २०६७।११।१५ को बैठकले गरेका निर्णयहरु

१. काठमाडौं र बाराको निजगढ जोड्ने फास्ट ट्र्याकको निर्माण प्रक्रियाको सम्बन्धमा जानकारी दिन मिति २०६७।११।१६ गते विहान ११:०० बजे नेपाल इन्जिनियरिङ्ग एशोसियशन र नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्षलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।११।१६ को बैठकले गरेका निर्णयहरु

१. ई.ओ.आई. को प्रस्ताव आह्वान गर्दा पर्याप्त समय दिएको नदेखिएकोले शुरुदेखि नै गणना हुनेगरी प्रस्ताव पेश गर्ने म्याद थप गर्न भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. सो योजनाको कूल लागतको कम्तीमा १०% कार्य वा लागतमा नेपाली लगानीकर्ता वा नेपाली लगानीकर्ताहरुको समूहहरुलाई पनि सहभागी गराउने व्यवस्था गर्न/गराउन नेपाल सरकार (म.प.) र भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो ।

३. योजनाको मापदण्ड शर्त र बन्देजको हकमा बुटको अनुभवलाई मात्र नलिएर अन्य प्रणाली तथा कुनै पनि पूर्वाधार योजनाको अनुभवको आधारलाई पनि मान्ने व्यवस्था गर्न/गराउन र यस सम्बन्धी सम्पूर्ण कार्य एवं प्रक्रियाको सूचना वेभसाइटमा राख्न पनि नेपाल सरकार (म.प.) र भौत्तिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने सर्वसम्मतिले निर्णय गरियो ।

४. यो योजना राष्ट्रिय महत्वको योजना भएकोले उच्चस्तरको निर्देशन समितिबाट प्रभावकारी रुपमा कार्य अगाडि बढाउन पनि नेपाल सरकार (म.प.) लाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो ।

५. क्यासिनोहरुको राजस्व बक्यौताका सम्बन्धमा जानकारी दिन आन्तरिक राजस्व विभाग, राजस्व अनुशन्धान विभागका महानिर्देशक र होटल एशोसियसनका अध्यक्षलाई मिति २०६७।११।१७ गते विहान १०:३० बजेको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।११ को बैठकले गरेका निर्णयहरु

१. क्यासिनो संचालक (नेपाल रिक्रियशन सेन्टर NRC) र इजाजत प्राप्त व्यक्ति लगायतबाट असूल उपर गर्न बाँकी सबै राजस्व प्रचलित कानून बमोजिम असूल उपर गर्न तथा सो अनुसार असूल उपर नभए क्यासिनो संचालन अनुमति पत्र रद्ध गर्न/गराउन यस समितिले मिति २०६७।०९।१३ मा निर्देशन दिएकोमा क्यासिनो संचालकहरु (NRC) लगायतबाट राजस्व दाखिला गरेको पाइएन । राजस्व नतिर्ने क्यासिनोहरुको अनुमतिपत्र तत्काल रद्ध गर्न/गराउन र असूल गर्न बाँकी राजस्व प्रचलित कानून बमोजिम असूल उपर गर्न/गराउन अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा राजस्व अनुशन्धान विभागलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो ।

२. व्यक्तिका नाउँमा दिइएको क्यासिनो संचालन सम्बन्धी इजाजतपत्र तत्काल खारेज गर्न/गराउन पर्यटन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. क्यासिनोमा नेपालीहरुलाई प्रवेश गराउने संचालकहरुलाई हालसम्म गरिएको कारवाहीको विवरण १५ दिनभित्र समितिमा उपलब्ध गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. क्यासिनोमा कार्यरत मजदूरहरुको हक, हित र रोजगारीका सम्बन्धमा प्रचलित कानून बमोजिम समाधान गर्न/गराउन पनि उपरोक्त सबै मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. क्यासिनोमा प्रवेश गर्नेहरुको दैनिकी विवरण लिने तथा त्यहाँ हुने दैनिक कारोबारको पारदर्शी ढङ्गले हिसाव देखिने गरी रेकर्ड राख्ने व्यवस्था गर्न/गराउन उक्त मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

६. उपरोक्त निर्देशनहरु र समितिले यस सम्बन्धमा मिति २०६७।०९।१३ र मिति २०६७।१०।१९ मा दिएका निर्देशनहरु पनि पूर्ण रुपमा पालना गरी गराई १५/१५ दिनभित्र समितिमा प्रगति विवरण उपलब्ध गराउन उपरोक्त सबै मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

७. सरकारले विभिन्न व्यक्तिहरु तथा पूर्व पदाधिकारीहरुलाई उपलब्ध गराएको गाडी र PSO को विवरण गृह मन्त्रालयबाट लिने र सो सम्बद्धमा गृह मन्त्रालयका सचिवलाई मिति २०६७।१२।१६ गते विहान ११:०० बजेको बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

८. स्थानीय निकायको साधन, श्रोत, योजना तर्जुमा, बजेटको कार्यान्वयन र अनुगमन लगायतका विषयमा समितिमा मिति २०६७।१२।२५ गते विहान ११:०० बजे मा. स्थानीय विकास मन्त्री, मा. अर्थ मन्त्री र स्थानीय र अर्थ सचिवलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

९. फैसला अनुसारको विगो असूली तथा कार्यान्वयन स्थितिका बारेमा जानकारी दिन सर्वोच्च अदालतका रजिष्टारलाई मिति २०६७।१२।२७ गते विहान ११:०० बजे बस्ने बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।१७ को बैठकले गरेका निर्णयहरु

१. माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारी, मुख्य सचिव र राजस्व सचिवलाई माननीय अर्थमन्त्रीसँग राजश्व छल्ने माथि कारवाही गर्ने विषयमा विमती जनाई अर्थसचिव श्री रामेश्वर प्रसाद खनालले राजीनामा दिएको सम्वन्धमा समितिलाई जानकारी दिन आमन्त्रित गरिएकोमा माननीय अर्थमन्त्री उपस्थित नहुनु भएकोले आजको वैठक ०६७।१२।१८ गते ११:०० वजे वस्ने र सो वैठकमा आज आमन्त्रित गरिएका सवै पदाधिकारीहरुलाई पुनः आमन्त्रण गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।१८ को बैठकले गरेका निर्णयहरु

१. कुटनीतिक राहदानी दुरुपयोग गर्ने माथि गरिएका काम कारवाही छिटो भन्दा छिटो टुङ्गयाउन दुरुपयोग अनुशन्धान आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।१९ को बैठकले गरेका निर्णयहरु

१. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गृह र अर्थ मन्त्रालयसँग परामर्श लिई १५ दिनभित्र कार्यविधि बनाई लागू गर्ने र सोको जानकारी समितिलाई पठाउने ।

२. क्यासिनो संचालन सम्बन्धी कानून जतिसक्दो छिट्टो बनाउन पहल गर्ने ।

३. स्लट मेशिन (मिनी क्यासिनो) संचालन सम्बन्धी कानून र कार्यविधि नबन्दासम्म सो मेशिन संचालन सम्बन्धी कार्य रोक्ने र रोक्न लगाउने ।

४. क्यासिनोलाई व्यवस्थित बनाउन र भरसक उपत्यका बाहिर संचालन गर्ने तर्फ पनि कारवाही गरी जानकारी दिन निर्देशन दिने ।

५. यस अगाडिका निर्देशनहरु यथावत रुपमा कार्यान्वयन गर्ने/गराउने ।

६. गृह मन्त्रालयले जुवाँ ऐनमा समसामयिक संशोधनको आवश्यक कारवाही गरी समितिलाई जानकारी दिने ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।२० को बैठकले गरेका निर्णयहरु

१. झुट्टा तथा नक्कली मल्य अभिवृद्धि कर विजक पेश गरि कारोवार गर्नेहरुको अनुशन्धान एवम् छानविनको क्रम सम्पन्न भएका विवरणहरु प्रचलित कानून वमोजिम ४ दिन भित्र समितिमा उपलव्ध गराईदिन अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो ।

२. झुट्टा तथा नक्कली विजकको कारवाही सम्वन्धमा ०६७।१२।२५ गते विहान ११:०० वजे वस्ने वैठकमा पनि छलफल गर्ने निर्णय गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।२५ को बैठकले गरेका निर्णयहरु

१. झुट्टा तथा नक्कली विजकको कारवाही सम्वन्धमा २०६७।१२।२० गते विहान ९:०० वजे वसेको वैठकमा माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री र अर्थ सचिवको उपस्थितिमा भएको छलफलका आधारमा देहाय वमोजिमका निर्णयहरु गरियो :

- अर्थ मन्त्रालयको मिति २०६७।१२।१३ को निर्णयानुसार सवै मन्त्रालय तथा निकायहरुमा आ.व. ०६७।६८ को वजेट तथा कार्यक्रममा स्वीकृत रकम मध्ये खर्च हुन र निकासा हुन वाँकी रकम वचत मानी विवरण पठाउन अर्थ मन्त्रालयद्वारा गरिएको परिपत्रले सार्वभौम व्यवस्थापिका-संसदवाट स्वीकृत वजेट र कार्यक्रमलाई अनादर गर्न खोजेको देखिन्छ । माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले सार्वजनिक लेखा समितिको मिति २०६७।१२।२० को वैठकमा सो परिपत्रलाई कार्यान्वयन नगर्ने प्रतिवद्धता जनाएअनुसार र व्यवस्थापिका-संसद वाट स्वीकृत कार्यक्रम अनुसारको वजेट प्रचलित कानून वमोजिम निकासा तथा खर्च गर्न गराउन अर्थ मन्त्रालय र नेपाल सरकार (मन्त्रिपरिषद)लाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो ।

- झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि करको करविजक पेश गरि कारोवार गरेका करदाता मध्ये ४८० करदाता र अन्य भए अन्य सवैलाई प्रचलित कानून वमोजिम कडाभन्दा कडा दण्ड सजाय र जरिवाना गरी १५।१५ दिनमा प्रगती विवरण समितिलाई उपलव्ध गराउन र नक्कली निकासीको कारोवारमा संलग्न भन्सार कार्यालयहरुका सम्वद्ध अधिकारीहरुलाई पनि छानविन गरी प्रचलित कानून वमोजिम कडा भन्दा कडा दण्ड र सजाँय गरी महिना महिनामा जानकारी दिन अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- साथै झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि करको विजक पेश गर्ने करदाताहरुलाई भविष्यमा पनि समयमै प्रचलित कानून वमोजिम कडा भन्दा कडा दण्ड, सजाय र जरिवाना गर्ने/गराउने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन पनि अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतील गरियो ।

- झुट्टा तथा नक्कली करविजक पेश गरि कारोवार गर्नू गराउनु गम्भिर अपराध भएकोले त्यस्तो कारोवार गर्नेहरुको नामनामेसी गोप्य राखीरहँदा अपराध गर्नेहरुलाई प्रोत्साहन पुग्ने हुँदा त्यसतर्फ सचेत भै काम गर्न गराउन पनि अर्थ मन्त्रालय र नेपाल सरकार (मन्त्रिपरषद)लाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- युनिटीको कारोवारका सम्वन्धमा अर्थ मन्त्रालय र गृह मन्त्रालयवाट गरिएको छानविन प्रतिवेदन र हालसम्मको कारवाहीको विवरण ७ दिन भित्र समितिमा आइपुग्ने गरि उपलव्ध गराउन पनि ती दुवै मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

२. स्थानीय निकायहरुको श्रोत व्यवस्थापन, वजेट तर्जुमा, कार्यान्वयन र अनुगमन स्थितिको सम्वन्धमा माननीय स्थानीय विकास मन्त्री तथा अर्थ र स्थानीय विकास मन्त्रालयका उच्च पदाधिकारीहरुसँग समेत छलफल हुँदा देहाय वमोजिमका निर्णयहरु गरियो :

- स्थानीय निकायहरुमा श्रोतको उचित व्यवस्थापन गरि वजेटको तर्जुमा एवम् स्वीकृत गरी प्रभावकारी र दक्ष रुपमा स्वीकृत कार्यक्रम र वजेट निकासा तथा खर्च गर्न गराउन र अनुगमन प्रणालीमा पनि प्रभावकारिता ल्याउन अर्थ, स्थानीय विकास मन्त्रालय तथा नेपाल सरकार (मन्त्रिपरिषद)लाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- अनुगमन प्रक्रियामा सवै सभासदहरुलाई अनिवार्य रुपमा सहभागी गराउने व्यवस्था समितिको आज मिति २०६७।१२।२५ को वैठकमा माननीय स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयका अन्य उच्च पदाधिकारीहरुले प्रतिवद्धता जनाए अनुसार निरन्तरता दिन पनि नेपाल सरकार (मन्त्रिपरिषद) र स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- स्थानीय निकायहरुमा हुने गलत अनियमित र भ्रष्टाचार सम्वन्धी कामकारवाहीहरु हुन नदिन र यस्तो घटना भएमा तत्काल प्रचलित कानून वमोजिम कडा भन्दा कडा दण्ड सजाय गर्न गराउन पनि नेपाल सरकार (मन्त्रिपरिषद), अर्थ र स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- स्थानीय निकायहरुवाट योजना र वजेट स्वीकृत तथा कार्यान्वयन गर्दा गराउँदा उत्पादनमूलक र पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्राथमिकता दिन दिलाउन र सन्तुलित रुपमा वजेट तथा कार्यक्रम स्वीकृत गर्न गराउन पनि उपरोक्त मन्त्रालय एवम् निकायहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

- जिल्ला परिषद एवम् स्थानीय निकायहरुवाट पारित एवम् स्वीकृत भै आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वजेट तथा कार्यक्रम स्वीकृत गर्न गराउन र स्थानीय निकायहरुमा आवश्यक दक्ष र अनुभवी कर्मचारीहरुको व्यवस्था गर्न गराउन उपरोक्त मन्त्रालय एवम् निकायहरुका साथै राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६७।१२।२५ को बैठकले गरेका निर्णयहरु

१. वेरुजु, कैद र दण्ड जरिवाना असुल फछ्र्यौट कार्यमा प्रभावकारिता ल्याउन सर्वोच्च अदालतलाई विशेष प्राथमिकता दिन अनुरोध गर्ने ।

२. यस कार्यमा आवश्यक सहयोग गर्न र अदालतवाट माग गरिएको माथि उल्लेखित साधन,श्रोत, वजेट र कर्मचारी उपलव्ध गराउन नेपाल सरकार (मन्त्रिपरिषद) लाई निवेदन दिने ।

३. दण्ड जरिवाना, माफी मिनाहा सम्वन्धी व्यवस्था र विगत ५ वर्षको माफि मिनाहाको अद्यावधिक विवरण १० दिनभित्र समितिमा आइपुग्ने गरि उपलव्ध गराउन गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले गरियो ।

सार्वजनिक लेखा समितिको मिति २०६८।०२।०९ को बैठकले गरेका निर्णयहरु

१. महालेखा परीक्षकको ४८ औं वार्षिक प्रतिवेदनमा देखिएको रु. २५ अर्ब २१ करोडको बेरुजु यस वर्षको हकमा २०६८ मार्ग महिनाभित्र असूल फछ्र्यौट गरी/गराई समितिलाई जानकारी दिने ।

२. विगत वर्षहरु समेतको कूल बेरुजु रु. ७२ अर्ब २१ करोड प्रचलित कानून बमोजिम २०६८ चैत्रभित्र असूल फछ्र्यौट गरी/गराई समितिलाई जानकारी दिने ।

३. अर्को वर्षदेखि एक आ.व.को बेरुजु अर्को आ.व. भित्र अनिवार्य रुपमा असूल फछ्र्यौट गर्ने/गराउने व्यवस्था मिलाई जानकारी दिने ।

४. एल. सी. पेश्की बाहेक एक आर्थिक वर्षमा लिएको पेश्की सोही आर्थिक वर्षमा असूल फछ्र्यौट गर्ने/गराउने व्यवस्था कडाइका साथ लागू गरी जानकारी दिने ।

५. समयमै लेखा पेश नगर्ने, विवरण तयार नगर्ने, प्रारम्भिक प्रतिवेदनको तोकिएको समयभित्र प्रतिक्रिया पनि नदिने, सोधभर्ना र हिसाव मिलानमा ध्यान नदिने, सबै सार्वजनिक पदाधिकारीहरुलाई २०६८ आषाढभित्र प्रचलित कानून बमोजिम कारवाही गरी समितिलाई जानकारी दिने ।

६. सबै मन्त्रालय/सचिवालय/सार्वजनिक संस्थान/समितिहरु र स्थानीय निकायहरुमा आन्तरिक नियन्त्रण र अनुगमन एवं सुपरीवेक्षण प्रक्रिया फितलो भएको प्रतिवेदनमा उल्लेख भएकोले यस तर्फ गम्भीर भई काम गर्न/गराउन सबै मन्त्रालय/सचिवालय/संस्थान/समितिहरुलाई निर्देशन दिने र आन्तरिक नियन्त्रण र अनुगमन तथा सुपरीवेक्षणको कार्य अर्को वर्ष पनि कमजोर भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा आजै जानकारी गराएको छ ।

७. सार्वजनिक खरिद र निर्माणको कार्य गर्दा/गराउँदा पारदर्शी, मित्तव्ययी र प्रतिष्पर्धात्मक बनाउन र ई-विडिङ्गको प्रक्रिया शुरु गर्न/गराउन सार्वजनिक लेखा समितिले सबै मन्त्रालय/सचिवालयलाई मिति २०६७।१०।०६ मितिमा निर्देशन दिएकोमा सो निर्देशनको पूर्ण रुपमा पालना हुन सकेको देखिएन । यस सम्बन्धमा भएको प्रगति विवरण २०६८ जेष्ठभित्र उपलब्ध गर्न/गराउन पुनः निर्देशन दिने ।

८. मन्त्रालय/सचिवालय/आयोग/कार्यालयको स्थिर र चालु सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन प्रक्रिया कमजोर देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख भएकोले यस तर्फ गम्भीर भई कार्य गर्न/गराउन पनि निर्देशन दिने ।

९. आर्थिक वर्षको अन्तम ठूलो रकम निकासा दिने तथा पेश्की देखाई खर्च गर्ने/गराउने प्रक्रियालाई बन्द गर्ने/गराउने र आषाढको पहिलो सातापछि निकासा दिने प्रक्रिया बन्द गर्ने/गराउने ।

१०. कर विजक वेगर भुक्तानीको विषयमा पहिला सम्बन्धित व्यक्ति/फर्म/संस्थाबाट सो रकम असूल गर्ने, अन्यथा त्यसरी भुक्तानी दिने/दिलाउने कर्मचारीहरुबाटै सरकारलाई नोक्सान पर्न गएको रकम असूल गर्ने/गराउने ।

११. घटी राजस्व असूल भएकोमा छानविन गरी ३ महिनाभित्र कारवाही गर्नुपर्ने भए कारवाही गरी र राजस्व समेत असूल गरी समितिलाई जानकारी दिने ।

१२. फ्रिज गर्नुपर्ने रकम फ्रिज नगर्ने पदाधिकारीहरुलाई कारवाही गरी/गराई समितिलाई जानकारी दिने ।

१३. ठेक्काको म्याद थप गर्दा जमानतको म्याद नबढाउने सम्बन्धित कर्मचारीहरुलाई ३ महिनाभित्र छानविन गरी कारवाही गरी/गराई समितिलाई जानकारी दिने ।

१४. यस वर्ष लेखापरीक्षण गर्दा बेरुजु नदेखिएका मन्त्रालय/सचिवालय/विभाग/कार्यालयका कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम पुरस्कृत गरी समितिलाई जानकारी दिने ।

१५. महालेखा परीक्षकको कार्यालयबाट चालु वर्षको कारोबारको लेखापरीक्षण चालु वर्षमै गर्न/गराउन सबै मन्त्रालय/सचिवालयले विशेष ध्यान दिई कार्यक्रम अगाडि बढाउने ।

१६. चालु वर्षको लेखापरीक्षण गर्ने प्रक्रियामा महालेखा परीक्षकको कार्यालयलाई आवश्यक साधन र श्रोतको व्यवस्था अर्थ मन्त्रालयले गर्ने । महालेखा परीक्षकको कार्यालयले गत वर्षदेखि नियमित रुपमा वर्षेनी आफ्नो कामको वार्षिक प्रतिवेदन समयमै पेश गर्ने गरेकोमा कार्यवाहक महालेखापरीक्षक लगायत सबै कर्मचारीहरुलाई धन्यबाद दिने निर्णय गरियो ।

१७. महालेखा परीक्षकको कार्यालयलाई कार्यमुलक लेखा परीक्षणलाई जोड दिई काम गर्न/गराउन र महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षकको नियुक्ति र लेखापरीक्षकले दिएको प्रतिवेदनको व्यहोरा समितिलाई जानकारी गराउन अनुरोध गर्ने निर्णय गरियो ।